महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

विदेह नगरपालिका

धनुषा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

२०७९

विदेह नगरपालिका

धनुषा



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

विदेह नगरपालिका

धनुषा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

यस नगरपालिकाको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। यस पालिकामा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव नगरपालिकाको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । यस नगरपालिकाको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय ....

पत्र संख्याः २०७८।७९
च.नं. १०४ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
बिदेह नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
धनुषा ।

कैफियत सहितको राय

हामीले बिदेह नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ८ करोड ७० लाख ३ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १५ लाख १ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५ करोड ६३ लाख ९६ हजार, नियमित गर्नुपर्ने रु २ करोड ३३ लाख २ हजार र पेश्की रू. ५८ लाख ४ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ३७ करोड ४४ लाख ५६ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ४६ करोड १४ लाख ५९ हजार रहेको छ । **नगरपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण

प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(हुमनाथ सुवेदी)
नायब महालेखापरीक्षक

विदेह नगरपालिका, धनुषा

१ चालु वर्षको बेरुजु २०७८।७९

१.१ बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
६५	१०२	८७००३	०	०	०	६५	१०२	८७००३	१५०१	२३३०२	५६३९६	०	०	७९६९८	५८०४

२ अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
विदेह नगरपालिका धनुषा	३७४४५६	०	०	३७४४५६	०	८७००३	४६१४५९

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : विदेह नगरपालिका, धनुषा ,

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	संजिव कुमार साह	२०७८-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	हिराबन यादव	२०७८-१०-२०	हाल सम्म कार्यरत
		बेरुजु रकम	८७,००३,२५४.५६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६,४३,३६,४८०.४४	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३३,८९,५०,०००	**चालु खर्च**	२४,२०,८७,०३९.३
प्रदेश सरकारबाट अनुदान	१,७८,४१,०००	**पूँजीगत खर्च**	१७,३४,३८,०६२
राजश्व बाँडफाँट	७,७९,२५,६२३.७४	**वित्तीय/अन्य व्यवस्था**	१२,९०,५९,६७५
आन्तरिक आय	७३,६६,२९६		
अन्य आय	१२,६२,५४,२४६		
कुल आय	५६,८३,३७,१६५.७४	**कुल खर्च**	५४,४५,८४,७७६.३
बाँकी मौज्दात		८,८०,८८,८६९.८८	

आर्थिक कारोबारको स्थिति

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय :-
स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ९ वडा, ४५.५१ वर्ग किलोमिटर क्षेत्रफल तथा ३२ हजार २ सय ६६ जनसंख्या रहेको छ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षण :-
महालेखापरीक्षकको लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना,२०७९ निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ। लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन्। लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन।लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग मिति २०७९।९।२४ मा छलफल सम्पन्न गरिएको छ।लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>वित्तीय विवरण :-
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ।
<table>
<tr><th rowspan="2">विवरण</th><th colspan="3">यस वर्ष रु.</th><th colspan="2">गतवर्ष रु.</th></tr>
<tr><th>बजेट</th><th>प्राप्ति/भुक्तानी</th><th>जम्मा</th><th>प्राप्ति/भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td>४८०६९७१९४</td><td>४५१४५६०९७</td><td>४५१४५६०९७</td><td>४६०५११२७६</td><td>४६०५११२७६</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td>४६४२५००००</td><td>४४२०८२९२१</td><td>४४२०८२९२१</td><td>४२९०८६२९१</td><td>४२९०८६२९१</td></tr>
<tr><td>११००० कर</td><td>८०१५८८९७</td><td>८२०९०७९९</td><td>८२०९०७९९</td><td>७००१०५४९</td><td>७००१०५४९</td></tr>
<tr><td>१३००० अनुदान</td><td>३७७२९१०००</td><td>३५६७९१०००</td><td>३५६७९१०००</td><td>३५२५०५८१०</td><td>३५२५०५८१०</td></tr>
<tr><td>संघीय सरकार</td><td>३५६४५००००</td><td>३३८९५००००</td><td>३३८९५००००</td><td>३४०३७२८१०</td><td>३४०३७२८१०</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>२०८४१०००</td><td>१७८४१०००</td><td>१७८४१०००</td><td>१२१३३०००</td><td>१२१३३०००</td></tr>
<tr><td>१४००० अन्य राजस्व</td><td>६८००१०३</td><td>३२०११२२</td><td>३२०११२२</td><td>६५६९९३२</td><td>६५६९९३२</td></tr>
<tr><td>ख. अन्य प्राप्ति</td><td>१६४४७१९४</td><td>९३७३१७६</td><td>९३७३१७६</td><td>३१४२४९८५</td><td>३१४२४९८५</td></tr>
<tr><td>कोषहरु</td><td>१६४४७१९४</td><td>७१६९५३३</td><td>७१६९५३३</td><td>२१८७२५०४</td><td>२१८७२५०४</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

धरौटी	-	२२०३६४३	२२०३६४३	९५५२४८१	९५५२४८१
भुक्तानी (ग+घ)	५६०६९७१९४	४२९५२०१७३	४२९५२०१७३	४८७१७३२६७	४८७१७३२६७
ग. भुक्तानी (सञ्चित कोषबाट)	५४४२५००००	४१५५२५१०१	४१५५२५१०१	४५२८२०२४७	४५२८२०२४७
२१००० पारिश्रमिक / सुविधा	१४११४३६८८	१२९५११४३४	१२९५११४३४	११८४८४५३९	११८४८४५३९
२२००० मालसामान तथा सेवाको उपयोग	७८९१३६१२	४८७८८८६६	४८७८८८६६	७४०५८३७८	७४०५८३७८
२५००० सहायता (Subsidy)	२११२००००	१८५६२९८७	१८५६२९८७	१८९९८०५०	१८९९८०५०
२७००० सामाजिक सुरक्षा	३१४३४०००	१७०६६२१५	१७०६६२१५	२४१५१५५५	२४१५१५५५
२८००० अन्य खर्च	२८७५००००	२८१५७५३७	२८१५७५३७	२९८४१६०९	२९८४१६०९
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	२४२८८८७००	१७३४३८०६२	१७३४३८०६२	१८७२८६११६	१८७२८६११६
घ. अन्य भूक्तानी	१६४४७१९४	१३९९५०७२	१३९९५०७२	४८७१७३२६७	४८७१७३२६७
कोषहरु	१६४४७१९४	१२७२८९१५	१२७२८९१५	२७४८८८७८	२७४८८८७८
धरौटी	-	१३१६१२७	१३१६१२७	६८६४१४२	६८६४१४२
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		-४९९७०	-४९९७०		
ङ. यो वर्षको बचत	-८००००००	२१९३५९२३	२१९३५९२३	-२६६६१९९१	-२६६६१९९१
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		६५७७९६६२	६५७७९६६२	१९३४९०६३	१९३४९०६३
वर्षान्तको बाकी रकम (ङ + च)	-८००००००	८७७१५५८५	८७७१५५८५	-७३१२९२९	-७३१२९२९
बैंक तथा नगद बाकी		८७७१५५८५	८७७१५५८५	६८०३३७०४	६८०३३७०४

४

आन्तरिक नियन्त्रण प्रणाली :-

आन्तरिक नियन्त्रण प्रणाली :- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ।तर नगरपालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन।यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:-

- नगरपालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- नगरपालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सञ्चालित योजनाको सूचनापाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• निजामती सेवा ऐन,२०४९ बमोजिम यस नगरपालिकामा कार्यरत सबै कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन। • आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन दिनुपर्नेमा नगरपालिकाले हालसम्म पनि आन्तरिक लेखापरीक्षण गराएको पाइएन। • ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन। • नगरपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन। • सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन। • भ्रमण खर्च नियमावली,२०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष भ्रमण खर्च शीर्षकबाट रु.८,२७,५५७ र अनुगमन मूल्याङ्कन खर्च शीर्षकबाट रु.२३,२५,००० गरी कुल रु.३१,५२,५५७ खर्च लेखेकोमा दैनिक भ्रमणको अभिलेख राखेको छैन। भ्रमण आदेश चलनी गरेको छैन भने भ्रमणको उद्देश्य समेत खाली राखी भ्रमण स्वीकृत गरेको, अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन समेत गरेको छैन। • सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा नगरपालिकाले पुँजीगत तर्फ रु.१६ करोड ९३ लाख २३ हजार मसलन्द तथा कार्यालय सामग्रीमा रु.२० लाख ९८ हजार पत्रपत्रिका तथा सूचना प्रकाशनमा रु.१७ लाख ६३ हजार अन्य कार्यालय सञ्चालन खर्चमा रु.४४ लाख ६८ हजार लगायतका शीर्षकमा खरिद गरेकोमा खरिद योजना र खरिद गुरुयोजना तयार गरेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। विविध खर्चतर्फ नगरपालिकाले कुल आन्तरिक आय रु.७३,६६,२९६।८० को तुलनामा करिव ९१ प्रतिशत अर्थात रू.६७ लाख १७ हजार खर्च गरेको छ।विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी खर्च गर्ने पदाधिकारी / कर्मचारीलाई जिम्मेवार बनाउँदै खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। • नगरपालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरीकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो। • नगरपालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन। • नगरपालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन। • संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन। • संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन। • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा नगरपालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। सो बमोजिम नगरपालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन। • पालिकाबाट खरिद भएका औषधी,अन्य सामानहरु र विकास निर्माणका कार्यहरुको गुणस्तर परीक्षण गरेको छैन्। तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।	
५			**आर्थिक सहायता :-**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			नगरपालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न १९ वटा मेला समितिलाई रु.५,७०,००० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.७३,६६,२९६ को ८ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।	
६			**ससर्त अनुदान फिर्ता :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ मा फिर्ता गर्न बाँकी अनुदान संघ तर्फको रु.३,६७,०१,८४९।७० र प्रदेश तर्फ रु.१७,१५,३७९ गरी कुल रु.३,८४,१७,२२८।७० देखाएकोमा पालिकाले संघीय सशर्त तर्फको मात्र फिर्ता गरेको देखिएकोले प्रदेश तर्फको बाँकी फिर्ता गर्नुपर्ने रु....	१,७१५,३७९
७			**गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ को उपदफा २(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। नगरपालिकाले देहाय बमोजिम साट्न वाँकी चेक गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नराखी तथा सोही वर्ष सुत्रमा समेत भुक्तानी दिन वाँकी अभिलेख नराखी यस वर्षको बजेटमा मात्र गत वर्षको साट्न वाँकी चेकहरु शीर्षकमा बजेट व्यवस्था गरी रु. ७,८०,७३८ भुक्तानी दिएको छ।नगरपालिकाले जुन आर्थिक वर्षमा चेक जारी गरेको हो सोही आर्थिक वर्षमा चेक सटही गर्ने र आगामा आ.व.मा दायित्व नसार्ने तर्फ ध्यान दिई वित्तीय सुशासन कायम गर्न जोड दिन पर्दछ ।	

गो भौ नं र मिति	बापत	भुक्तानी पाउने	रकम रु
२५।०७८।७।१४	गतको चेकनसाटिएको	नन्द किशोर यादव	२९७००
६२।२०७८।९।१६	गतको चेकनसाटिएको	न्यू निखिल ईम्पेक्स	९४०७
२७।०७८।७।१४	गतको चेकनसाटिएको	महेश खाद्य स्टोर्स	३४४७५
२८।०७८।७।१४	गतको चेकनसाटिएको	लक्ष्मण एण्ड भरत कन्स्ट्रक्सन प्रा ली	४३९८५६
१०१।२०७८।१०।७	वडा नं ९को वडा सञ्चालन खर्च	हिरावहादुर यादव	१६००००
१२२।२०७८।११।१८	वडा नं ८को वडा सञ्चालन खर्च	राम कृपालसाह	४४९२३४
२६१।२०७९।३।२५	वडा नं ७को वडा सञ्चालन खर्च	राम किशोरयावद	४८००००
२४१।२०७९।३।२४	वडा नं ६को वडा सञ्चालन खर्च	राम एकवालमण्डल	५०००००
१०३।२०७८।१०।७	वडा नं ५को वडा सञ्चालन खर्च	गंगा दास	४७९४२८
१०२।२०७८।१०।७	वडा नं ४को वडा सञ्चालन खर्च	सत्यनारायण राय	३३१९५०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१४०।२०७८।११।२५</td><td>वडा नं ३को वडा सञ्चालन खर्च</td><td>सर्वजितपासमान</td><td>४७५८९६</td></tr>
<tr><td>१००।२०७८।१०।७</td><td>वडा नं १को वडा सञ्चालन खर्च</td><td>भुला यादव</td><td>४९६६१३</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३८८६५५९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>
योजनाको प्राथमिकीरण :-
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ।स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नअनुसार ९ वडाको लागि वडागत ७४ र पालिकास्तरका १२६ गरी कुल २०० योजनामा वजेट विनियोजन गरेको छ भने २३ वटा योजनामा शुन्य बजेट विनियोजन गरेको छ।
<table>
<tr><th>क्र. सं.</th><th>कार्यक्रमको नाम</th><th>रु.२० लाख माथिका योजना सङ्ख्या</th><th>रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या</th><th>रु.५ लाख भन्दा कमका योजना सङ्ख्या</th><th>कुल योजना सङ्ख्या</th></tr>
<tr><td>१</td><td>पालिकास्तरीय</td><td>२२</td><td>५४</td><td>५०</td><td>१२६</td></tr>
<tr><td>२</td><td>वडास्तरीय</td><td>३</td><td>२३</td><td>४८</td><td>७४</td></tr>
</table>
उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ।जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित २०० योजना मध्ये १६० योजनामात्र कार्यान्वयन भई ४० योजना कार्यान्वयन हुन सकेको देखिएन।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>
योजना तथा वजेट कार्यान्वयन -
यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन
• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा नगरपालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा नगरपालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।
• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो।कुल पुँजीगत खर्च रु.१६ करोड ९३ लाख २३ हजार भएकोमा प्रथम त्रैमासिकमा रु.४० लाख २९ हजार, दोश्रो त्रैमासिकमा रु.२ करोड ४२ लाख ७५ हजार, तेस्रो त्रैमासिकमा रु.६ करोड ४२ लाख ४८ हजार, चौथो त्रैमासिकमा रु.७ करोड ६७ लाख ७० हजार र असार महिनामा मात्रै कुल पुँजीगत खर्चको ३४ प्रतिशत अर्थात रु. ५ करोड ७० लाख ५५ हजार भएको देखिन्छ।वर्षान्तको खर्च उच्च रहेको छ ।
• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा नगरपालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत नगरपालिकाको निर्णयबाट रु.२ करोड १४ लाख रकमान्तर गरेको छ। उक्त रकम कुल पुँजीगत वजेट रु.२४ करोड २८ लाख ८८ हजार तुलनामा ९ प्रतिशत हुन्छ। रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन
उल्लेखित अवस्थाका कारण नगरपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ नगरपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी :-</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस पालिकाको उपप्रमुखले मिति २०७८।३।१० मा रु.५४ करोड ४२ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७८।३।१५ मा पारित भएको छ।यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८।३।२१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>तलवी प्रतिवेदन-
निजामती सेवा ऐन, २०४९ , स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४२ कर्मचारीको रु.२,८४,७४,५८६, शिक्षातर्फ १७६ शिक्षकहरुको रु.१०,८३,१३,१९४ र पालिकाका १५ कर्मचारीको रु.८१,६०,०००समेत रु.१४,४९,४८,२४१ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>कानुनी सल्लाहकार-
स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन।नगरपालिकाले यस वर्ष १ जना कानूनी सल्लाहकार नियुक्त गरी मासिक रु.३५,९९० का दरले रु.४,३१,८८० पारिश्रमिक भुक्तानी दिएको छ । सल्लाहकार नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार गरी सोको मुल्याङ्कनको आधारमा भुक्तानी दिने व्यवस्था गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>पेश्की बाँकी-
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ।नगरपालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.६८,०४,४४० बाँकी रहेको देखिन्छ।सो मध्ये निम्नानुसारको नियमानुसार फस्यौंट गर्नुपर्ने रु.हुने
<table>
<tr><th>पेश्की मिति</th><th>भौ. न.</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिने ब्यक्ति, फर्म वा कम्पनीको नाम</th><th>कर्मचारी भए पद</th><th>जम्मा रु.</th></tr>
<tr><td>१०/२४/२०७८</td><td>३२</td><td>कोभिड १९ विरुद्ध खोप अभियान संचालन ब्यवस्थापन खर्च -पालिकास्तरीय समीक्षा तथा योजना र पालिका तथा स्वास्थ्य सस्था स्तरीय सुपरिवेक्षण</td><td>राम सुन्दर साह</td><td>जन स्वास्थ्य अधिकृत</td><td>१८७०००.००</td></tr>
<tr><td>१२/२३/२०७८</td><td>५०</td><td>पालिका स्तरमा- टाईफाइड खोप अभियान संचालन तथा नियमित खोपमा टाईफाइड खोप शुरुवातको साथै नियमित खोप सुदृढीकरण र सरसफाई प्रवर्द्गनको लागि पालिका र वडा खोप समन्वय समिती र सरोकारवालाहरुको अभिमुखिकरण बैठक १ दिन</td><td>राम सुन्दर साह</td><td>जन स्वास्थ्य अधिकृत</td><td>१४६५४०.००</td></tr>
<tr><td>०३/२२/२०७९</td><td>७५</td><td>राष्ट्रिय महिला सामुदायीक स्वास्थ्य स्वयम् सेविका कार्यक्रमको थप यातायत खर्च</td><td>राम सुन्दर साह</td><td>जन स्वास्थ्य अधिकृत</td><td>३२४०००.००</td></tr>
<tr><td>०३/२२/२०७९</td><td>७५</td><td>पोषण कार्यक्रम</td><td>राम सुन्दर साह</td><td>जन स्वास्थ्य अधिकृत</td><td>८७०००.००</td></tr>
</table></td><td>५,८०४,४४०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>०३/२२/२०७९</td><td>७५</td><td>राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोशाक प्रोत्साहन, यातायात खर्च, वार्षिक समिक्षा गोष्ठी र दिवस मनाउने खर्च समेत)</td><td>राम सुन्दर साह</td><td>जन स्वास्थ्य अधिकृत</td><td>६६०९००.००</td></tr>
<tr><td>०३/२२/२०७९</td><td>७७</td><td>धान बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन</td><td>सुनिल कुमार मण्डल</td><td>सहायक</td><td>६२५०००.००</td></tr>
<tr><td>०३/२२/२०७९</td><td>२२५</td><td>महिला स्वास्थ्य स्व्यंसेविकालाई मासिक बैठक तथा प्रोत्साहन भत्ता मासिक १०००</td><td>राम सुन्दर साह</td><td>जन स्वास्थ्य अधिकृत</td><td>३२४०००.००</td></tr>
<tr><td>१२/२३/२०७८</td><td>१५</td><td>मा.वि. बफैको एकेडेमिक ब्लक भवन निर्माण</td><td>एस. डी. कन्स्ट्रक्शन (एस. डीं. भन्नाले श्री देब)</td><td></td><td>८५००००.००</td></tr>
<tr><td>०३/२२/२०७९</td><td>७६</td><td>आ.व. २०७७/७८ मा स्थापना भएको बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता</td><td>मनोज कुमार यादव</td><td></td><td>६२००००.००</td></tr>
<tr><td>०३/२५/२०७९</td><td>१२३</td><td>धान बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन</td><td>सुनिल कुमार मण्डल</td><td>सहायक</td><td>५००००.००</td></tr>
<tr><td>०३/२५/२०७९</td><td>२२०</td><td>विजय राउतको घर देखि हनुमान मन्दिर सम्म सडकमा पि.सि.सि. ढलान</td><td>विजय राउतको घर देखि हनुमान मन्दिर सम्म सडकमा पि.सि.सि.ढलान उपभोक्ता समिति</td><td></td><td>१८५००००</td></tr>
<tr><td>०३/२५/२०७९</td><td>१२३</td><td>आ.व. २०७७/७८ मा स्थापना भएको बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता</td><td>मनोज कुमार यादव</td><td></td><td>८००००.००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>५८०४४४०.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>जिन्सी व्यवस्थापन
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छात्यस्तै जिन्सी श्रेस्ता व्यवस्थित गर्न म.ले.प. फारम नम्बर ४०१ देखी ४१८ सम्म फारमहरु लागू भएको छ भने जिन्सी हिसाब तथा श्रेस्ता राख्नको लागि महालेखा नियन्त्रक कार्यालयले मिति २०७७।४।१ देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS लागू गरेतापनि नगरपालिकाले PAMS को प्रयोग गरेको छैन भने यस वर्षको जिन्सी निरीक्षण गराई प्रतिवेदन समेत तयार गरेको छैन।जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन।अत:अविलम्व PAMS को प्रयोग गरी जिन्सी अभिलेख अद्यावधिक गर्नुपर्दछ भने नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>वित्तीय विवरण परीक्षण :-</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले मिति २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।नगरपालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नानुसार देखिएको छः-</td><td></td></tr>
<tr><td>१५.१</td><td></td><td></td><td>वित्तीय विवरणको यथार्थता :- यस नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ।नगरपालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.११,५०,७७,४५८ सुत्रमा लेखाङ्कन गरेको छैन।जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा नगरपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन।तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१५.२</td><td></td><td></td><td>फरक हिसाव:- यस नगरपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.११५५१०६०.५० यस वर्षको प्राप्ति रु. १२७०८२७५१.५० यस वर्षको भुक्तानी रु.१२९०५९६७५ र बैङ्क मौज्दात रु.९५७४१३७ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।
<table>
<tr><th>विवरण</th><th>गतवर्षको जिम्मेवारी</th><th>यसवर्षको प्राप्ति (आय)</th><th>यसवर्षको भुक्तानी (व्यय)</th><th>बैङ्क मौज्दात</th></tr>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) अनुसूची ९ अनुसार</td><td>५२७८५४२०</td><td>४४१२५४४१४</td><td>४१५५२५१०१</td><td>७८५१४७३३</td></tr>
<tr><td>एकीकृत आर्थिक विवरण अनुसार</td><td>६४३३६४८०</td><td>५६८३३७१६६</td><td>५४४५८४७७६</td><td>८८०८८७०</td></tr>
<tr><td>फरक</td><td>-११५५१०६१</td><td>-१२७०८२७५२</td><td>-१२९०५९६७५</td><td>-९५७४१३७</td></tr>
</table></td><td></td></tr>
<tr><td>१५.३</td><td></td><td></td><td>फरक जिम्मेवारी:- नगपालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ।नगरपालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.(७३१२९२८।५८) ऋणात्मक मौज्दात रहेकोमा यो वर्ष म.ले.प. फा. नं. २७२ अनुसार रु.६५७७९६६१।९४ र २७२ को अनुसूची ९ र आयव्यय प्रतिवेदन अनुसार रु.५२७८५४१९।९४ जिम्मेवारी सारेको छ।जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा बढी रकम जिम्मेवारी सारेको सम्बन्धमा श्रेस्ता अद्यावधिक गरी यथार्थ हिसाव यकिन गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१५.४</td><td></td><td></td><td>बैङ्क हिसाव विवरण:-स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ। नगरपालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार रु.३,५३,९७७।३० फरक परेको छ:-
<table>
<tr><th>खाताको प्रकार</th><th>खाता अनुसार बाकी रु</th><th>बैंक अनुसार बाकी रु</th><th>फरक रु</th></tr>
<tr><td>ग १.१, आन्तरिक राजस्व खाता</td><td>१</td><td>-</td><td>१</td></tr>
<tr><td>ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता</td><td>८२८५०६</td><td>८२८५१३</td><td>-८</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ग १.३, आन्तरिक अनुदान खाता</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td>ग २.१, चालू खर्च खाता- विजोर वर्ष</td><td>२६५४२६८४</td><td>२६०६२७०१</td><td>४७९९८३</td></tr>
<tr><td>ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष</td><td>१०२८४२४१</td><td>८२८४२४१</td><td>२००००००</td></tr>
<tr><td>ग २.७, विविध खर्च खाता</td><td>३५०२३६</td><td>६८४२०५</td><td>-३३३९६९</td></tr>
<tr><td>ग ३.१, स्थानीय तह धरौटी खाता</td><td>७८१०४५३</td><td>७८१०४३८</td><td>१५</td></tr>
<tr><td>ग ४.१, स्थानीय तह सञ्चित कोष खाता</td><td>४१६८७८०८</td><td>४४१८७८०८</td><td>-२५०००००</td></tr>
<tr><td>ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता</td><td>२११६५७</td><td>२११६५७</td><td>-</td></tr>
<tr><td></td><td>८७७१५५८५</td><td>८८०६९५६२</td><td>-३५३९७७</td></tr>
</table>
नगरपालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५.५</td><td></td><td></td><td>सञ्चित कोषमा स्थानान्तरण:-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ।आर्थिक वर्ष समाप्त पश्चात पनि नगरपालिकाको चालु खर्च खातामा रु.२,६५,४२,६८३।७० पुँजीगत खातामा रु.१,०२,८४,२४१, आन्तरिक राजस्व खातामा रु.०.८० राजस्व बाँडफाँड खातामा रु.८,२८,५०५।५० समेत रु.३,७६,५५,४३१ मौज्दात रहेको पाइयो।तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१५.६</td><td></td><td></td><td>कर दायित्व:- पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.४९,९७० देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन।अत:उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.</td><td>४९,९७०</td></tr>
<tr><td>१६</td><td>221</td><td>२०७९-३-२१</td><td>ब्याग खरिद
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च लेख्दा विल भर्पाई संलग्न गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले छैठौं नगरसभाको उद्घाघाटन तथा समापन सत्र कार्यक्रमका लागि रु.१०,००,००० खर्च गरेको देखिन्छ।जसमा रु.४,००,००० को ब्याग खरिद गरी न्यु कन्चन इम्पलेक्सलाई भुक्तानी दिएकोमा वितरण भर्पाई तथा सभा संचालन कुनै फोटो गोश्वारा भौचरसाथ संलग्न गरेको नपाईएकोले वितरण भरपाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.</td><td>४००,०००</td></tr>
<tr><td>१७</td><td>270</td><td>२०७९-३-२५</td><td>दोहोरो भुक्तानी
कोभिड-१९ नियन्त्रणका लागि हेल्प डेक्स संचालन वापत रामसुन्दर साहलाई गो.भौ.नं. २६९ वाट रु.१,४५,३५० भुक्तानी भएको र पुनः सोही कार्यको लागि गो.भौ.नं. २७० वाट रु.१,४५,३५० भुक्तानी भएको छ । एउटै कामका लागि रामसुन्दर साहलाई दोहोरो भुक्तानी भएकोले रु.१,४५,३५० असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>१४५,३५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८</td><td>244-245</td><td>२०७९-३-२४</td><td>बील भरपाई बेगर खर्च
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ वमोजिम खर्च रकमको बील भर्पाइ पुष्ट्याई हुने गरी श्रेस्ता गोश्वारा भौचरसाथ संलग्न गरी राख्नुपर्ने व्यवस्था छ। नगरपालीकाले रु.७०,५०० रामसुन्दर साहलाई भुक्तानी दिएकोमा कुनै श्रेस्ता गोश्वारा भौचरसाथ संलग्न गरेको नपाईएकोले सो भुक्तानी भएको निजबाट रकम असुल हुनुपर्ने रु.</td><td>७०,५००</td></tr>
<tr><td>१९</td><td></td><td></td><td>भ्रमण भत्ता
भ्रमण खर्च नियमावली, २०६४ को दफा ७ अनुसार सरकारी कामको सिलसिलामा कार्यालय भन्दा बाहिर भ्रमण वा काजमा खटिएका कर्मचारीहरुले दैनिक भत्ता पाउने व्यवस्था छ। नगरपालीकामा रामबाबु दासको दैनिक हाजिरी रजिष्टरमा उपस्थिति देखिएको र सोही मितिमा दैनिक भ्रमण भत्ता भुक्तानी भएकोले सो रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th rowspan="2">गो.भौ.नं. मिति</th><th rowspan="2">भ्रमण जानेको नाम</th><th colspan="2">अवधि</th><th rowspan="2">असुल गर्नुपर्ने रकम रु.</th></tr>
<tr><th>देखि</th><th>सम्म</th></tr>
<tr><td>२३९- ०७९।३।२४</td><td>रामबाबु दास</td><td>७/२६</td><td>८/०२</td><td>६२५०</td></tr>
<tr><td>"</td><td>रामबाबु दास</td><td>५/०८</td><td>५/१४</td><td>६२५०</td></tr>
<tr><td>"</td><td>रामबाबु दास</td><td>९/२०</td><td>९/२६</td><td>६२५०</td></tr>
<tr><td>"</td><td>रामबाबु दास</td><td>१०/११</td><td>१०/१७</td><td>६२५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२५०००</td></tr>
</table></td><td>२५,०००</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>सवारी साधन भाडा
नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक, २०७८ को अनुसूची ३ मा रहेको ब्यवस्था अनुसार नगरपालिकाको कार्यालयले कार्यालयमा रहेको ६ वटा ठूलो सवारी साधन तथा आय उपकरणको भाडा दर तोकेको छ। लेखापरीक्षणको क्रममा कार्यालयले उक्त सवारी साधनको भाडा दर र यसका आ.ब. मा कति असुल भएको अभिलेख नराखेकोले सो कुन उपकरणबाट कति आम्दानी भएको सोको स्पष्ट विवरण तथा लगत पेश गरेको छैन। साथै सक्सन मेसिन, ट्रयाक्टर २, जिप २, जे.सि.बी.को लगबुक पटकपटक माग गर्दा समेत पेश नभएकोमा नगरपालिकाले यसवर्ष उक्त सवारी साधन प्रयोग भएको योजना विवरण, भाडामा प्रयोग भएको विवरण अद्यावधिक गरी व्यवस्थित बनाउनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>प्रयोग विहीन मालसामान
सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नम्बर ५ मा सार्वजनिक निकायहरुका लागि आवश्यक पर्ने वस्तु तथा सेवा आपूर्ति भण्डार र वितरणलाई पारदर्शी, मितव्ययी र अनुमानयोग्य बनाउने अनावश्यक वस्तु को खरिद गर्ने, भण्डार गर्ने, चाहिने भन्दा बढी वस्तु खरिद गरी वितरण नगर्ने, आपूर्ति योजना नै नबनाई खरिद गर्ने, आवश्यक नै नपर्ने मेशिन उपकरण खरिद गर्ने, सञ्चालन गर्ने जनशक्ति नभएका मेशिन उपकरण खरिद गरी थन्क्याउने, आवश्यकता र मितव्ययिताको ख्याल नगरी विभिन्न प्रकारका सफ्टवेयरहरु खरिद गर्ने र त्यसको पर्याप्त मर्मत तथा सुरक्षाको व्यवस्था नगर्ने जस्ता कार्य अविलम्ब रोक्नुपर्ने उल्लेख छ। कार्यालयले विगत वर्षमा खरिद गरेका विभिन्न मोटरसाइकलहरु प्रयोगविहीन रुपमा स्टोरमा मौज्दात राखेको देखियो। उपयोग नहुने गरी खरिद गरी थप व्यवहार पारेको छ। नगरपालिकाले पूर्व पदाधिकारी र कर्मचारीको लागि २३ वटा मोटरसाइकल रु.५६,९८,६३९ मा खरिद गरेकोमा हाल ७ वटा चालु अवस्थामा, १५ वटा बिग्रेको तथा मर्मतसम्भार गर्ने अवस्थामा र १ वटा चोरी भएकोले इलाका प्रहरी कार्यालय मा मुद्दा चलिरहेको अवस्थामा रहेको देखियो। यसरी जनप्रतिनिधिलाई वितरण गर्न भने गत विगतमा</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			मोटरसाइकल खरिद गरेको तर नयाँ नियुक्त भएका जनप्रतिनिधिहरुले मोटरसाईकल नलिने भनी भत्ता नै लिने गरेकोले एकातर्फ जिन्सी सामग्रीको प्रयोग नभई ह्रास हुने अवस्थामा भएको तथा अर्कोतर्फ पदाधिकारी सुविधा अन्तर्गत यातायात खर्च भुक्तानी दिनुपर्ने अवस्था देखिएको छ । नगरपालिकाले मोटरसाईकल खरिदमा लगायतको सरकारका लगानीको सदुपयोग भएको देखिएन । जिन्सी सामग्रीहरुको उपयोग हुनुपर्दछ ।	
२२	१७८	२०७९-१-२१	**बाँदर व्यवस्थापन :-** नगरपालिकाले वडा नं ८ मा बाँदर व्यवस्थापनको लागि खर्च गरेकोमा सो कार्यको लागि सिकारी, श्रमिक र निजहरुको खाना खाजा बापत १० दिनको लागि रु.४,७०,०५० लागत अनुमान तयार गरेकोमा वाँदर व्यवस्थापन उपभोक्ता समिति गठन गरी सो समितिले रु.७०,०५० वहन गरी रु.४,००,००० भुक्तानी भएको छ।जसमा सिकारीको पारिश्रमिक १० दिनको लागी के कसरी रु.४,००,००० निर्धारण भएको हो भन्ने सम्बन्धमा स्पष्ट प्रमाण र आधार छैन। खर्च सार्वजनिकीकरण गरेको भएपनि कार्यसमपन्न भएको प्रतिवेदन भने सम्लग्न छैन।यस्तो खर्च पारदर्शी तवरले आवश्यकतामा आधारित भई वास्तविक रुपमा गर्नुपर्दछ ।	
२३			**वडा सञ्चालन खर्च :-** नगरपालिकाले अन्य कार्यालय सञ्चालन खर्च शीर्षकमा वडा कार्यालयहरु सञ्चालनको लागि बजेट रु.२५,००,००० विनियोजन गरेकोमा ९ वटा वडा कार्यालयहरु मार्फत रु.९,९६,६१९ खर्च गरेको छ । त्यस्तै वडा सञ्चालन खर्च शीर्षकबाट मसलन्द तथा कार्यालय सामान, विविध, सवारी साधन मर्मत, ज्यालादारी, संचार, ईन्धन लगायतका खर्चहरु गरेको देखिन्छ।वडा सञ्चालन खर्च बापत विनियोजन हुने रकमलाइ आर्थिक संकेत वर्गिकरण तथा व्याख्या बमोजिम रकम विनियोजन गरी सोही बमोजिम खर्चको लेखाङ्कन गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।	
२४			**उद्दार, राहत तथा पुनर्स्थापना :** कुनै व्यक्ति तथा संस्थालाई आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएको देखिदैन । आर्थिक सहायता तथा वितरणमुखी कार्यक्रमले पुँजी निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पुँजीगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ यस्तो खर्चले प्रतिफल नदिने हुन्छ । यस्तो वितरणमुखी एवं आर्थिक सहायता वितरण प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने भनी गतविगतमा सुझाव दिंदै आएकोमा यो वर्ष पनि विभिन्न व्यक्ति तथा संस्थालाई उद्दार राहत पुनर्स्थापनामा रु.८,४२,०००। वितरण गरेको देखिन्छ । यस्तो खर्चलाई निश्चित विधि र मापदण्डको बिकास गरी नियन्त्रण र प्रतिफलमुखी बनाउनुपर्दछ ।	
२५			**वितरणमुखी खर्च :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन, कोभिड-१९ राहत पुर्नस्थापना, आर्थिक सहयोग जस्ता शीर्षकबाट कम्बल ६०० थान र व्याग ५० थान खरिद गरी गरिब तथा विपन्न वर्गका विभिन्न व्यक्तिहरुलाई वितरण गरी रु.५९४३८० भुक्तानी दिएको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।	
२६			**सचिवालय खर्च :-** स्थानीय तहका पदाधाकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ मा नगरपालिकाका प्रमुख तथा उपप्रमुखको सचिवालयमा कर्मचारीहरु राखी खर्च लेख्न मिल्ने व्यवस्था नभएको तथा तलबभत्ता तथा पोशाक भत्ता दिने व्यवस्था उल्लेख छैन । तर यस पालिकाको नगरप्रमुख र उपप्रमुखको सचिवालयमा सुरक्षा गार्ड, कार्यालय सहयोगी लगायतका कर्मचारीहरु नियुक्त गरी निम्नानुसारका तलव, चाडपर्व भत्ता र पोशाक भत्ता बापत रु.७५०२००।- खर्च लेखिएको नियमसम्मत नदेखिएकोले नियमित गर्नुपर्ने रु.	७५०,२००
२७			**घरभाडाः**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			नगरपालिकाले यो वर्ष कार्यालय प्रयोजनको लागि भनी घरभाडा शिर्षकमा रु.२,००,००० खर्च लेखेकोमा लेखापरीक्षणको क्रममा घरभाडाको दर निर्धारणको तरिका र निर्णय पेश नभएकोले भुक्तानी भएको रकम यथार्थ हो भनी एकिन गर्न सकिएन । विगतदेखि नै घरभाडामा लिएपनि म्याद थप वा नयाँ सम्झौता नगरी भुक्तानी भएकोले घर भाडाको दर कायम गर्दा दर निर्धारण समितिबाट दररेट कायम गरेर मात्र सम्झौता गरी खर्च लेख्नुपर्दछ ।	
२८			**सवारी साधन तथा मेशिनरी औजार भाडा :** नगरपालिकाले मासिक रु.१,२०,००० भुक्तानी गर्नेगरी सवारी साधन भाडामा लिई यसबापत जम्मा रु १४,५४,००० खर्च गरेको पाइयो । यसरी भाडामा लिदा सम्बन्धित सवारी साधनको भाडा दर कसरी कायम गरिएको हो र सवारी साधन छनौट कसरी गरिएको हो खुलासा छैन। साथै के कामका लागि भाडामा लिइएको हो प्रयोजन पनि स्पष्ट छैन साथै सवारी प्रयोगको लगबुक पनि राखिएको छैन । अत: प्रचलित ऐन नियमको पालना गरेर मात्र आवश्यकताको आधारमा सवारी भाडाममा लिने र लगवुक अनिवार्य रुपमा राखी प्रयोगलाई व्यवस्थीत बनाउनु पर्दछ ।	
२९	१९६	२०७९-३-२	**बिल भरपाई पेश गर्नुपर्ने :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ अनुसार आवश्यक बिल भरपाई बेगर कुनै खर्च लेख्न नहुने व्यवस्था छ।पालिकाले विद्यालयको भवनहरुको मर्मत तथा व्यवस्थापन शीर्षकबाट मर्मत रकम वापत श्री शिव शंकर जनता मा.वि.ईटहर्वालाई बजेट खर्च लेखी भुक्तानी गरेकोमा लागत अनुमान, नापी किताव, ठेक्का बिल, कार्य समपन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.	७९९,६८९
३०	248	२०७९-३-२५	**वितरण भरपाई** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च लेख्दा विल भर्पाई संलग्न गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आराध्या इन्टरप्राइजेजवाट ५० थान प्रति थान ३५०० का दरले रेनकोट खरिद गरी रु.१,९५,१२५ भुक्तानी दिएकोमा घटी वितरण भर्पाई तथा ३७ वटाको मात्र भर्पाई गोश्वारा भौचरसाथ संलग्न गरेको पाईएकोले सो १३ वटा रेनकोट वितरण भरपाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.	४५,५००
३१	१२	२०७८-६-२४	**गत वर्षको पदाधिकारीको सुविधा:-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरी तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी २०७७ चैत्रदेखि आषाढ मसान्तसम्मको पदाधिकारीको सुविधा र २०७७ मंसिरदेखिको अनुगमन तथा बैठक भत्ता बापत रु.५९,२९,००० भुक्तानी भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.	५,९२९,०००
३२			**क्रमागत योजना अभिलेख र कार्यान्वयन स्थिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले समयमै योजना सम्झौता गरी सम्पन्न गर्नुपर्दछ। पालिकाले यस आ.ब. अन्तर्गत योजना छनौट गरी समयमै सम्झौता तथा सम्पन्न गर्नुपर्नेमा आ.ब २०७८।०७९ मा छनौट गरीएका योजना कति सम्पन्न भए, कतिको रनिङ बिल मात्र भुक्तानी भए, अद्यावधिक कार्य कति छ सो को अभिलेख पालिकाले राखेको छैन। नगरपालिकाले वडा भबन मर्मत, निर्माण, सडक निर्माण, सिचाई लगायतका योजनाहरु एकैपल्ट नगरी क्रमागत रुपमा गर्ने भएकोले सम्बन्धित आर्थिक वर्षसम्म कुन अवस्थासम्म कार्य भयो सो को अभिलेख नराख्नाले आगामी बर्षहरुमा पुन क्रमागत बजेटमार्फत योजना बनाउँदा पहिले भुक्तानी भएका परिमाण दोहोरिन सक्ने सम्भावना देखिन्छ।परिमाण सहितको क्रमागत योजनागत अभिलेख नराखिँदा दोहोरो भुक्तानी हुने, बढि परिमाणको ओभरल्याप भुक्तानी हुने जोखिम हुन्छ।पालिकाले तर्जुमा गरेको योजना कार्यान्वयन ,सम्झौता तथा कार्यान्वयन नभएका योजना, भुक्तानी गर्न बाँकी रनिङ बिल लगायतको बिवरण अद्याबधिक राखी तथा यकिन गरी अभिलेख व्यबस्थापन गर्नुपर्दछ ।	
३३			**सौर्य सडक वत्ती खरिद व्यवस्थापन**	

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
३३.१	46	२०७८-११-९	नगरपालिकाले नगर क्षेत्रभित्र रहेको विभिन्न २८ स्थानमा सडक बत्ती राख्ने कार्यको लागि रु.३,४९८,६७८ को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट आपुर्तक छनौट गरी खरिद कार्य गरेको छ सो अन्तर्गत देखिएका व्यहोराहरू निम्नानुसार रहेका छन्	
३३.२			सार्वजनिक खरिद नियमाबली,२०६४ को नियम ३१ को उपनियम १ अनुसार बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचना राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा प्रकाशन गर्नु पर्ने,उपदफा (२) मा उपदफा (१) बमोजिमको सूचना केन्द्रीयस्तरको सार्वजनिक निकायको हकमा सो निकाय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साईटमा राख्नु पर्नेछ र जिल्लास्तरीय सार्वजनिक निकायको हकमा त्यस्तोसूचना सो निकाय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साईटमा राख्न सकिने व्यवस्था रहेको छ । नगरपालिकाले २८ बटा पोल सहित सोलार बत्तिको लागि रु.३४,९८,६७८ को लागत अनुमान तयार गरी स्थानीय स्तरको पत्रिकामा सूचना प्रकाशन गरेको पाइयो । वोलपत्र समितिको मिति २०७८।८।१६ को निर्णय अनुसार जे.बि.ट्रेडर्स जनकपुर २ को लागत अनुमानको तुलनामा २.२१ प्रतिशत घटी रु.३४,२१,२९२ को बोलपत्र स्वीकृत गरेको देखियो। साथै पालिकाले आफ्नो कार्यालयको बेवसाइटमा समेत सूचना प्रकासित गरेको नदेखिएकोले पर्याप्त प्रतिस्पर्धात्मक स्थिति सृजना भएको पाइएन ।	
३३.३			सम्झौताको GCC 27.2 मा वारेन्टी पिरियड एक वर्षको हुने र कार्यालयले त्रुटी सुधार गर्न अनुरोध गरेकोमा १० दिनभित्र सुधार गर्नुपर्ने उल्लेख छ । कार्यालयसँग वारेन्टी सम्बन्धी आधारभूत कागजातहरु माग गर्दा पेश हुन आएन। यसरी सम्झौतामा निर्धारित कागजात सम्लग्न नगरी भुक्तानी गरेको नियमसम्मत देखिएन ।	
३३.४			सामग्रीहरु आपूर्ति तर्फबाट उपलब्ध भई सके पश्चात गुणस्तर परीक्षण समेत गरेको देखिएन जसबाट पूर्वनिर्धारित गुणस्तरीय आवश्यकता अनुसारका सामग्री आपूर्ति भयो भएन यकिन गर्ने आधार नभएकोले वारेन्टी पिरीयड, गुणस्तर परीक्षण तथा जडान बिबरण समेत स्पष्ट पार्नुपर्ने देखिएको रु.	३,४२१,२९२
३३.५			आपूर्तक जेबि ट्रेडर्सको प्यान नम्बर (६०७२४५६५५) आन्तरिक राजस्व विभागको वेबसाइट सर्च गरी हेर्दा कुनै विवरण नदेखिएकोले मूल्य अभिवृद्धि कर रु.३,४६,८९२ को ७० प्रतिशत रु.२,४२,८२५ मूल्यअभिवृद्धि कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु.	२४२,८२५
३४			**अन्य निकाय खर्च** कुनै पनि कार्यालयले खर्च लेख्दा आवश्यकता तथा औचित्यताको आधारमा खर्च लेख्नुपर्ने तथा सम्बन्धित कार्य प्रयोजनको लागि मात्र खर्च लेख्नुपर्दछ ।नगरपालिकाले देहाय बमोजिमका छुट्टै अस्तित्व र स्वामित्व भई छुट्टै आफ्नो तालुक निकायबाटै बजेट विनियोजन हुने तथा कार्यक्षेत्रमा नपर्ने निकायमा समेत खर्च लेखेको पाइएकोले यस्तो खर्च अनियमित देखिएको रु.	८१६,४२४

गो.भौ.नं. मिति	विवरण	खर्च रु.	कैफियत
१९-०७८।१२।२२	मेसिनरी औजार र शिर्षभवाट प्रहरी चौकीमा मिसनरी जडान खर्च	४९८९८५	सम्वन्धी प्रहरी कार्यालय मा जिन्सी दाखिला भएको प्रमाण पेश नभएको
१२४-०७९।१।०४	व्याग खरिद मदरसा	३३७८७	सम्वन्धित मदरसामा जिन्सी दाखिला भएको प्रमाण पेश नभएको
१९६-०७९।१।२१	प्रहरी चौकी मर्मत विदेह ८	२८३६५२	
		८१६४२४	

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
३५			**बिद्यालय अनुदान भुक्तानी तथा अनुगमन**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नगरपालिकाले अनुदानमा बिनियोजित बजेटबाट निम्न विद्यालयलाई रनिङ विल तथा कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदान भुक्तानी दिएको देखियो । यसरी खर्च लेख्दा उपरोक्त कार्यहरूको नगरपालिका स्तरीय अनुगमन प्रतिवेदन सम्लग्न भएको देखिएन निम्नानुसारका खर्चहरूको सम्बन्धमा सम्बन्धित विद्यालयबाट लेखापरीक्षण गराई प्रतिवेदन प्राप्त गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><td>शीर्षक</td><td>भौचर नं.</td><td>अनुदान रु</td><td>प्रयोजन</td></tr>
<tr><td>नपा पुँजीगत</td><td>२०१।०७९।३।२५</td><td>३९५६७७७</td><td>जनता माबि गिडिहवा बिदेह ७ मा क्यान्टिन निर्माण</td></tr>
<tr><td>प्रदेश शशर्त</td><td>७।०७९।३।२५</td><td>३३११८७१</td><td>शौचालय निर्माण कार्य</td></tr>
<tr><td></td><td></td><td>७२६८६४८</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>कार्यसम्पन्न प्रतिवेदन
सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२३ र १२५ मा प्राविधिक पुष्ट्याई सहित कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। साथै कार्यक्रम कार्यान्वियन पुस्तिका, २०७८।७९ को क्रियाकलाप न.८.४ (ञ) मा स्थानीय तहले अनुसूची ७ बमोजिम नापी किताब/कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजात २/२ प्रति प्राविधिकबाट तयार गर्न लगाई सम्बन्धित साईट ईन्चार्ज, विद्यालयको प्र.अ. तथा वि.व्य.स.अध्यक्ष वा विद्यालय निर्माण समितिका अध्यक्ष तथा प्रमुखको दस्तखत गराई एक प्रति स्थानीय तहमा र अर्को प्रति विद्यालयमा राख्न लगाई सोको लेखा परिक्षण मौजुदा कानून बमोजिम विद्यालयले आफ्नै स्रोतबाट गराउनुपर्ने र सोको स्थानीय तहले अनुगमन गरी प्रतिवेदन पेश गर्ने व्यवस्था छ। तर पालिकाले स्वीकृत बजेट अनुसार देहायका विद्यालयलाई बिभिन्न कार्य गर्न रु.१,०३,००,००० अनुदान दिएको देखियो। यसरी दिएको अनुदान रकमबाट तोकिएको कार्य भए नभएको अनुगमन गरी गराई प्रतिबेदन लिएको देखिएन। पालिकाले दिएको अनुदान रकमबाट तोकिएको कार्य सम्पन्न भएको अनुगमन र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><td>गोभौनं मिति</td><td>कार्यक्रमको नाम</td><td>विधालय</td><td>रकम रु.</td></tr>
<tr><td rowspan="2">३३-०७९।३।२५</td><td rowspan="2">विधालयमा IT ल्याव स्थापना</td><td>सरस्वती मा. वि. वैफ वडा ८</td><td>६५००००</td></tr>
<tr><td>माध्यमिक विधालय ठाडी- वडा १</td><td>६५००००</td></tr>
<tr><td rowspan="4">१९६-०७९।१।२१</td><td rowspan="4">विधालय कक्षाकोठा निर्माण २ कोठे</td><td>शंकर जनता मा. वि. वडा २</td><td>३६०००००</td></tr>
<tr><td>रा. प्रा. वि. वैदेही वडा- ९</td><td>१८०००००</td></tr>
<tr><td>सहदेव रा. प्रा. वि. कमैया वडा- ३</td><td>१८०००००</td></tr>
<tr><td>भगवती आधारभुत वि. योगीयाडा वडा- ७</td><td>१८०००००</td></tr>
<tr><td></td><td></td><td></td><td>१०३०००००</td></tr>
</table>
</td><td>१०,३००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>
परामर्श सेवा खरिद
सार्वजनिक खरिन नियमावली २०६४, को परिच्छेद ६ मा परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था गरेको छ। नगरपालिकाले विभिन्न मितिमा विभिन्न कामको लागि विभिन्न परामर्शदाता छनौट गरी यो वर्ष देहाय बमोजिमको भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नासार छ।
<table>
<tr><th>गोभौनं मिति</th><th>योजना</th><th>ल ई</th><th>रकम</th><th>पार्टी</th><th>कैफियत</th></tr>
<tr><td>५९-०७८।१०।२४</td><td>शंकर जनता मा. वि. दुहवीको स्कुल भवन निर्माण DPR</td><td>४९८८९५</td><td>४९७२००</td><td>आरम ई कन्सल्टेन्सी जनकपुर १४</td><td>परामर्सदाता वाट रु लागत अनुमान ५२३७५९४८ को पेश गरेको हालसम्म कार्यान्वयनमा नआएको</td></tr>
<tr><td>६०-०७८।१०।२४</td><td>शंकर जनता मा. वि. एकेडमिक भवन क्लर DPR</td><td>४९९५७३</td><td>४९६०७०</td><td>आयुष कन्सल्टेन्सी मिथिला विहारी ६</td><td>परामर्सदाता वाट रु लागत अनुमान ३९५२७०६६ को पेश गरेको हालसम्म कार्यान्वयनमा नआएको</td></tr>
<tr><td>६२-०७८।१०।२४</td><td>भगवती मा. वि. स्कुल भवन DPR</td><td>४९८८९५</td><td>४९८८९५</td><td>देव कन्सल्टेन्सी एण्ड इन्जीनीयरिङ्ग</td><td>परामर्सदाता वाट रु लागत अनुमान ६८३३८७४७ को पेश गरेको हालसम्म कार्यान्वयनमा नआएको</td></tr>
<tr><td>६१-०७८।१०।२४</td><td>जनता मा. वि. वालपट्टीको होस्टल क्लर DPR</td><td>४९८८९५</td><td>४९८३३०</td><td>एस एस ई कन्सल्टेन्सी मिथिला विहारी १६</td><td>परामर्सदाता वाट रु लागत अनुमान ४२५५८३५१ को पेश गरेको हालसम्म कार्यान्वयनमा नआएको</td></tr>
<tr><td></td><td></td><td>१९९६२५८</td><td>१९९०४९५</td><td></td><td></td></tr>
</table>
• परामशर्श सेवाको लागि धेरैजसोमा लागत अनुमान नै तयार नगरी खरिद प्रकृया अगाडि बढाएको छ। तयार गरेको लागत अनुमानमा पनि कार्यसम्पादन गर्न लाग्ने आवश्यक जनशक्ति निर्धारण सहितको स्वीकृत नर्म्स लेखापरीक्षणका बखत पेश भएन। तसर्थ लागत अनुमान यथार्थपरक नहुँदा र नबाउँदा खरिद कार्य मितव्ययी भएको छ भनी एकिन गर्न सकिएन।
• कार्यालयका प्राविधिक जनशक्तिले गर्न नसक्ने योजनामा मात्र आउट सोर्सिङ्ग गरी कार्य गराउन पर्नेमा प्राय सबै प्रकारका आयोजनाको अध्ययन प्रतिवेदनहरु परामर्शदातबाट गराउने गरेको देखियो।
• परामर्शदाताबाट पेश भएको प्रतिवेदनहरु कार्यालयको PAMS दाखिला हुनुपर्ने।
अध्ययन भएका अधिकांश योजनाहरुको कार्यान्वयन भएको देखिएन। यसले गर्दा कार्यान्वयन हुन सक्ने आयोजनाको मात्र डिपीआर तयार गर्नु पर्दछ।
</td><td>१,९९०,४९५</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>
गत वर्षको भुक्तानी
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरेको देखिएन।यस वर्षको बजेटमा समाबेश गरी गत वर्षको निम्नानुसारको योजनाहरुमा रु. ३ करोड ३५ लाख ७३ हजारको सम्झौतामा रु १ करोड २ लाख ३६ हजार भुक्तानी दिएको छ। आर्थिक वर्षको अन्तमा आएर सम्झौता गर्ने र न्यून समयावधिको सम्पन्न मिति राख्ननाले सम्बन्धित आर्थिक बर्षमा भुक्तानी हुन नसकेको देखिन्छ। सम्झौता अनुसार कार्य समयमै सम्पन्न गराइ भुक्तानी दिने ब्यवस्था गर्नुपर्दछ।
<table>
<tr><th>गोभौनं मिति</th><th>योजनाको नाम</th><th>वडा नं.</th><th>ला ई रु</th><th>कार्यसम्पन्न रु</th><th>भुक्रतानी रु</th><th>सम्झौता सम्पन्न मिति</th><th>सम्पन्न मिति</th><th>कैफियत</th></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम

५-०७८।७।५	प्रेम मण्डलको घर देखि राम एकवालको घर सम्म	५	६५७४९२	६००६९१	५२५०७०	०७८।३।३०	०७८।३।१०	भुक्तानी माग निवेदन कार्यसम्पन्न प्रतिवेदन तथा नापी किताबमा मिति उल्लेख नभएको
६-०७८।७।०५	पहाडीको घर देखि रामदत्तको घर सम्म	६	५४६२८३	५२८३४०	४६१६०८	०७८।३।१०	०७८।३।२५	"
९-०७८।७।१४	दलित भवनको प्लास्टर	६	२१८५४६	२०११४७	१७८३१६	०७८।३।१०	०७८।३।२५	"
१०-०७८।७।१४	महादेव मन्दिर टायल ग्राफेल कार्य	६	५४०८४६	५४०८४६	४८६७६१	०७८।३।१०	०७८।३।२५	"
११-०७८।७।१४	विनोद मण्ढलको घर देखि जवाहरको घरसम्म सडक ढलान	६	६३४९०५	६३४९०५	७४२८४४	०७८।३।१०	०७८।३।२५	"
१२-०७८।७।१४	स्टेज निर्माण	६	१०९६५६०	१०७४२०७	९५२२८४	०७८।२।२३	०७८।३।१०	"
१३-०७८।७।१४	सहलेश मन्दिरमा मुर्ति निर्माण	८	४३६८६५	४२९९७७	३११७४	०७८।२।११	०७८।३।१५	"
१०५-०७८।१२।१४	लक्ष्मण मिश्रको घरदेखि रामसेक्क मण्डलको घरसम्म	६	६०१५८८	५८०७७८	५२२७००	०७८।३।१०	०७८।३।२५	"
१८८-०७९।३।२५	दलित ढलानको कम्पाउण्डमा विवाह मण्डप निर्माण	४	९८४९३३	७७७१३४	६९९४२१	०७८।३।१०	०७८।३।२५	"
२१५-०७९।३।२५	गत आ व को मिखिया वावा मन्दिर सडक वोर्डवाट गरेको विगत कार्यक्रम भुक्तानी	२	६५६२०९	५५५०९०	४९९५८१	०७८।१२।१७	०७९।१।३०	"

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२२०-०७८।१०।२५	इटहर्वा खरियानी बजार देखि जागीर टोल सम्म सडक ग्राफेल	९	२१५६३३६	१८७३१९६	५०६५७६	०७८।१।१५	०७८।३।१२	कुल कार्यसम्पन्न मध्ये सडकवोर्ड वाट जनश्रमदान घटाई ७०% सडकवोर्ड वाट गत वर्ष र नपुग न पा ३०% यसवर्ष भुक्तानी गरेको भनाई ,कार्य पुष्टाई गर्ने तस्वीर नरहेको
सडक बोर्ड २-०७८।१०।२५	चकर बैंक हठीपुर सडक मर्मत	८	२०२९५९६	१९३७२४६	५२३०५६	०७८।१।०७	०७८।३।१३	"
२-०७८।१०।२५	गिट्टा हरवडा सडक मर्मत	७	३२२४३३४१	३१५२०३५	८५१०४९	०७८।१।२४	०७८।३।२५	"
बिबिध २-०७८।८।२५	वडा नं ९ को विविध जिसस साझेदारी भवन निर्माण	९	८२९४०७५	८२८९९६७	१३१५४८६	०७७।१२।०१	०७८।२।३०	सम्पन्न तस्वीर सग्लन नभएको नापी उपभोक्ता बिल तथा कार्य सम्पन्नमा मिति नभएको
३-०७८।८।२४	वडा नं १ कार्यालय भवन	१	६२२०६२८	६२१८२५७	९८७३४३	०७७।११२६	०७८।२।३०	"
४-०७८।११।१२	वडा नं ३ कार्यालय भवन	३	६१८८७५०	६१८२३८६	९५३२६६			सम्झौता नापी रनिङ विल कार्यसम्पन्नमा मिति नभएको
		जम्मा	६३५०६९५३	३३५७६२०२	१०२३६५३५			

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३९			**कन्टिन्जेन्सी खर्चको अभिलेख** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टिजेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णय अनुसार खर्च गर्दा वर्क चार्ज स्टाप खर्च २ प्रतिशत र अन्य साना तिना खर्च २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ। पालिकाले आयोजनागत कन्टिजेन्सी खर्चको अभिलेख तयार गरी राख्नुपर्नेमा सो राख्ने गरेको छैन। सो अनुसारको अभिलेख नराखी खर्च गरेको हुँदा सो सम्बन्धमा बिश्वस्त हुन सकिएन। यस्तो खर्च आवश्यकताको आधारमा गर्नुपर्दछ भने सोको अभिलेख समेत व्यवस्थित तवरले राख्नुपर्दछ।	
४०			**नापी किताब प्रविष्टी एवं अभिलेख** निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ। पालिकाले तयार गरेको नापी किताबमा उक्त व्यहोरा उल्लेख नगरी कामको परिमाण र रकम मात्र उल्लेख गर्ने गरेको छ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पालिकाले नापी सम्बन्धी अभिलेख नापी किताबमा नराखी लुज सिटमा तयार गर्ने गरेको पाईयो। तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा सार्वजनिक खरिद नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ विलको रकम भुक्तानी गर्दा दोहोरिने सम्भावना देखिन्छ।कुनै योजनाहरुमा विभिन्न निकायबाट बजेट बिनियोजन तथा खर्च भएकोले ओभरल्याप हुने जोखिम देखियो।क्रमागत तथा वहुवर्षीय योजना कार्यक्रमको लागि गत विगतसम्मको भुक्तानी अध्ययन तथा जानकारीको लागि नापी किताब अत्याबश्क रहने हुनाले सम्बन्धित नापी किताब श्रेस्तासाथ मात्र नराखी अभिलेख व्यवस्थापनमा समेत सहयोगी हुनेगरी सम्झौता मिति, सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत खुलाई व्यवस्थित रुपमा राख्नुपर्दछ।	
४१			**बिल भरपाइ तथा खर्चको पूष्टयाई** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाई पुष्टी गर्ने बिल भरपाइ, प्रमाण कागजात सम्लग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ। नगरपालिका पुँजीगत शीर्षकबाट निम्नानुसारको खर्च लेख्दा खर्चको पूष्टयाई सम्लग्न नगरी खर्च लेखेकोले देहायअनुसारका प्रमाण पेश हुनुपर्ने रु.	१०,७७३,४१०

खर्च शीर्षक	भौ. नं./ मिति	खर्चको प्रयोजन	रकम रु	कैफियत
	५३।०७८।१०।१७	भगबती राष्टीय आधारभुत बिद्यालयमा निकासा	५३५३५०	कार्यप्रगति तथा बिल भरपाई पेश हुनुपर्ने
नपा पुँजीगत	१३०।०७९।१।२१	बडा न ७ बिभिन्न टोलमा ढलान निर्माण	३९१३९७८	बिल भरपाइ र श्रेस्ता पेश नभएको
	२१४।०७९।३।२५	बडा न ३ मा सोलार जडान	९९९६२	केबल विल सम्लग्न गरी भुक्तानी गरीएको जडान बिबरण सम्लग्न नभएको
बिबिध खाता	२।०७८।१०।१६	बडा न ३ कार्यालय भबन निर्माण	२६३०१२८	लागत अनुमान नापी किताब तथा भुक्तानी आधार सैलग्न नभएको
	३।०७९।३।२५	बडा न ३ कार्यालय भबन निर्माण	३५९३९९२	लागत अनुमान नापी किताब तथा भुक्तानी आधार सैलग्न नभएको
			१०७७३४१०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२			**लागत अनुमान तथा दर विश्लेषण** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यवस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरीने नर्म्स सम्बन्धी व्यबस्था रहको छ। पालिकाले सञ्चालन गरेका योजनाहरुको लागि आफ्नै छुट्टै नर्म्स नभएकोले स्थानीय पूर्वाधार तथा विकास विभाग, भवन विभागको नर्म्स प्रयोग भएको जनाएको छ। केही योजनाहरुमा एक भन्दा बढी निकायको नर्म्स प्रयोग गरी लागत अनुमान तयार गरेको देखियो।सडक,भवन लगायतको संरचना निर्माणको लागि पालिकाले स्थानीय श्रोत साधन, श्रमशक्ति तथा निर्माण सामाग्रीको उपलब्धता समेत विश्लेषण गरी किफायती नर्म्सको प्रयोग गर्नुपर्दछ।	
४३			**मू.अ.कर समायोजन वेगर धरौटी फिर्ता** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२४ को उपनियम २ मा निर्माण व्यवसायीले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश भएपछि धरौटी फिर्ता गर्नुपर्ने व्यवस्था छ। तर नगरपालिकाले कर चुक्ता प्रमाण संलग्न नगरी देहायको निर्माण व्यवसायीको धरौटी रकम फिर्ता गरेकोले भुक्तानी भएको वर्षको कर चुक्ता प्रमाण र भुक्तानी भएको रकमको मल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.	४५६,४५९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो.भौ.नं. मिति</td><td>निर्माण व्यवसायी</td><td>धरौटी फिर्ता रु</td></tr>
<tr><td>६-०७८।७।१६</td><td>सहलेस निर्माण सेवा</td><td>२३८०५६</td></tr>
<tr><td>७-०७८।८।१५</td><td>आयुष निर्माण सेवा</td><td>१२८५८</td></tr>
<tr><td>११-०७८।९।५</td><td>अहीर कन्स्ट्रक्सनन</td><td>१७०७२</td></tr>
<tr><td>१२-०७८।९।०५</td><td>आयुष कन्स्ट्रक्सन</td><td>१२८५८</td></tr>
<tr><td>१६-०७९।३।२५</td><td>जे.बि. इन्टरप्रजेज</td><td>१७५६१५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४५६४५९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>
कोटेशनबाट खरिद
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा रु.२० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान, सेवा खरिद वा निर्माण कार्य, गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले वार्षिक खरिद योजना बनाई उपयुक्त कार्यमा प्याकेज बनाएर प्रतिस्पर्धा गराई खरिद गर्नुपर्नेमा सो नगरी लागत अनुमानको हाराहारीमा भुक्तानी दिने गरी टुक्रा टुक्रामा प्याकेज बनाई कोटेशनबाट कार्य गराई निम्न अनुसार रु २ करोड ८७ लाख ६ हजारको लागत अनुमान तयार गरी रु.२ करोड ८७ लाख ४ हजारको सम्झौता गरी नापजाँच अनुसार रु १ करोड ९४ लाख २६ हजार भुक्तानी गरी निर्माण खर्च गरेको छ। यसरी प्याकेज तयार नगरी ३ वटा निर्माण व्यवसायीको दरभाउपत्र संलग्न गरी प्रतिस्पर्धा सीमित हुने गरी निर्माण कार्य गरेको गराएको छ। सम्बन्धीत योजनाहरुको लागत अनुमान सम्झौता तथा कार्यसम्पन्न कोटेशनबाट गरीदिन वडा अध्यक्षले पत्र लेखेको र सोही अनुसार कोटेशनबाट कार्य गराएको देखियो। यसरी खरिद योजना नबनाएको, सम्भाबित प्याकेज तयार नगरेको तथा टुक्रे योजना अनुसार खरिद कार्य गरेकोले (उस्तै प्रकृतिका अन्य कार्यमा उपभोक्ता समिति प्रयोग गरेकोमा यी योजनाहरुमा निर्माण व्यवसायी प्रयोग भएकोले श्रमदान कार्य नभएको, ओभरहेड तथा मुल्य अभिवृद्धि करको व्ययभार परेको) मितव्ययी नदेखिएको र प्रतिस्पर्धा सीमित हुने गरी खरिद कार्य गरेको देखिएकोले प्रचलित ऐन नियम बमोजिम सार्वजनिक खरिद कार्यालाई खुला,पारदर्शी,मितव्ययि एवं प्रतिस्पर्धात्मक तवरले खरिद गरी निर्माण कार्य गराउनु पर्दछ।
<table>
<tr><td>गौ. भौ. नं./ मिति</td><td>योजनाको नाम</td><td>ल. ई. रु.</td><td>सम्झौता रु.</td><td>भुक्तानी रु.</td><td>निर्माण व्यवसायीको नाम</td></tr>
<tr><td>२०-०७८।८।६</td><td>श्रीपती दासको घरदेखि दुवही जाने वाटो सम्म कृषि सडक</td><td>४३६३६७</td><td>४३२७५५</td><td>३५५९८६</td><td>जयमाँ दुर्गा कन्स्ट्रक्सन गाहदेनगर ७</td></tr>
<tr><td>२१-०७८।८।०६</td><td>लक्ष्मीनिया पैनिमा वडा ३</td><td>३९३९०६</td><td>३९१४१३</td><td>३३७४७२</td><td>माँ भगवती आर एम कन्स्ट्रक्सन विदेह ७</td></tr>
<tr><td>२२-०७८।८।०६</td><td>रेपन रायको घरदेखि कर्माही घाँटिसम्म कृषि वाटो वडा ३</td><td>२९५००३</td><td>२९२३४४</td><td>२९२००५</td><td>आर आर आर एण्ड सन्स विल्डर्स जनकनन्दनी ७</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
			२६-०७८।८।०९	अरुण घरदेखि बाबा पोखरी सम्म कृषि सडक वडा ३	४९२२४८	४८७७८७	२११००३	अमृत कन्स्ट्रक्सन एण्ड सप्लायर्स लालवन्दी २ सर्लाही	
			३४-०७८।९।१८	वडा ३ को विभिन्न सडक मर्मत तथा ग्राभेल	४९२३९८	४८८४७६	४३९९१९	कृषक निर्माण सेवा एण्ड सप्लायर्स लालवन्दी २ सर्लाही	
			३५-०७८।९।१९	वावा कुरी प्लासटर वडा १	३९३९९१	३९०५३५	३९०४८३	एम एम विल्डर्स विदेह १	
			३६-०७८।९।१८	लक्ष्मी मन्दिर निर्माण वडा ३	४९२४३९	४८९४३४	४८८०९६	सटहेश निर्माण सेवा झिझार ८ धनुषा	
			४१-०७८।१०।१६	नगरपालिकाको सडकहरु मर्मत वडा ७	३९९३०४	३९५०९४	३९२८३९	शिकेस कन्सट्रक्सन जनकपुर ८	
			४९-०७८।१०।१६	इन्दल दासको घरदेखि हुलाकी सडक सम्म ढलान वडा ३	३९१०१६	३९१८८६	३९१०१६	सत्य कन्सट्रक्सन जनकपुर ९	
			५५-०७८।१०।२०	मेनरोड देखि कृष्ण घर सम्म ढलान वडा २	२४६२४१	२४४५६६	२४४२६०	उमेश कन्सट्रक्सन जनकपुर ९	
			७४-०७८।११।२८	मेनरोड देखि जोगी घरसम्म ढलान वडा ३	४९२६१०	४८८६०२	४७९११२	कभट निर्माण सेवा जनकपुर १६	
			७५-	मेनरोड देखि अरुण घरसम्म ढलान वडा ३	१९६९९८	१९५३७३	१९४००३	मिथिला विल्डर्स	
			७७-०७८११।२२	गिट्टा अधुरो मदार्सा निर्माण ७	४९९९२८	४७६९०७	४६०९०७	डिके विल्डर्स जनकपुर	
			७७-०७८।११।१२	महरा टोलमा दलित भवन निर्माण वडा ४	४९२४१७	४८६६०४	४८६००४	चन्द्रमा कन्सट्रक्सन विदेह ९	
			१०१-०७८।१२।१०	अधुरो जनजाती भवन वडा ४	४९९०५५	४९५८४९	४८२१४७	राशनी कन्सट्रक्सन विदेह ४	
			११६-०७८।१२।२०	मुसहरीमा मेन सडक र कल्मा निर्माण	४९१५९६	४८९४०१	३८७२६७	शोखानाथ इन्जीनियरिङ्ग कन्सट्रक्सन	
			१२२-०७८।१२।२३	वडामा प्रत्येक पोलमा वत्ती जडान	४९८०४७	४९०७५९	४९०७५९	न्यु जनक सेन्टर जनकपुरधाम ३	
			१२७-०७९।१।१४	वडा नं ५ मा वत्ती जडान	९९६०९५	९८०५४६	९८०५४६	श्री जे वि ट्रेडर्स जनकपुर २	
			१२९-०७९।१।२१	अधुरो मदरसा निर्माण वडा ५	२४६१७२	२४४१९७	२४४१६२		
			१३३-०७९।१।२१	भुणु मण्डलको घरदेखि लक्ष्मी मण्डलको घरसम्म ढलान, चौधरीका घरदेखि पराउ मण्डलको घरसम्म ढलान	४४८८७१	४४४५१०	४३३७१०	गौतम एण्ड अनिश कन्सट्रक्सन वडा ७	
			१३५-०७९।१।२१	जागीर टोलमा हनुमान मन्दिर निर्माण वडा ९	४९९५९९	४९७१८४	४९७१८४	आन्नद कन्सट्रक्सन जनकपुर १९	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१३६-०७९।१।२१	प्रहरी चौकी गिदाको मर्मत वडा ८	२९२४८२	२९२४८२	२८३६५३	रेड डायमण्ड कन्सट्रक्सन १० काठमाण्डौ
१३८-०७९।१।२६	प्रस्तुती गृह फिनिसिङ वडा ५	९८४९४२	९७८६६६	९७८१९८	आयुश कन्सट्रक्सन मिथिला विहारी ६
१४४-०७९।१।२८	इटहर्वा टोलको उत्तर टोलमा माटो पुर्ने वडा ९	२९५४२३	२९०३७२	२८६११२	रोहित विल्डर्स जनकपुर ९
१४५-०७९।१।२८	शिवशंकर मा वि कम्पाउण्मा माटो पर्ने वडा ९	४९९६६६	४९६२१७	४८३९८८	जय बाबा गोविन्द निर्माण सेवा जनकपुर ९
१४७-०७९।२।१२	कितवनी घरदेखि इनुस फर्निचर सम्म सडक	४९२४८८	४८९११९	४८९२०२	रजना कन्सट्रक्सन धनौजी २
१४८-०७९।२।१२	पवन महरानको घरदेखि राम प्र मरिकको घरसम्म सडक ढलान	४९२४५४	४८९१८६	४८९१४९	विजय आर कन्सट्रक्सन वडा ३
१४९-०७९।२।१२	इटहर्वा बजारको पूर्व चोकमा प्लास्टर वडा ९	२९९८३७	२८५८९०	२८५८९०	सोनी कन्सट्रक्सन धनौजी ३
१५५-०७९।३।०३	बजार सेड निर्माण वडा ९	४९४९२३	४९१७८९	४८३००४	जय गुरुदेव कन्सट्रक्सन धनौजी ३
१६४-०७९।३।०५	BOP महिनाथपुरमा माटो पुर्ने कार्य वडा १ ४९	४९२४८६	४८८८३८	४८८१९४	लक्ष्मण एण्ड भरत कन्सट्रक्सन विदेह १
२७१-०७९।३।२२	विश्वकर्मा मन्दिर निर्माण वडा ९	२९४८८७	२९२१७६	२९०५८३	मा गिरीजि कन्सट्रक्सन धनौजी २
१८४-०७९।३।२५	वैदेही विजय मण्डलको घरदेखि माटी ग्राभेल	७९९८४८	७९५९११	६५११५८	आकी विल्डर्स एण्ड सप्लायर्स जनकपुर २
१८५-०७९।३।२५	तरहीको मेनरोड देखि डिहिवासम्म ,जामुनको घरदेखि मेनरोडसम्म ग्राभेल	९९९३७६	९९४४२३	९७२००५	डाइमण्ड कम्पलेस मुखियापट्टी मुसहरनिया १
१८६-०७९।३।२५	वडा भित्रको सडक मर्मत वडा ८	९९२५६	९६३५९	९३२६७	रेडडायमण्ड कन्सट्रक्सन काठ १०
१८९-०७९।३।२५	इन्दल मुखियाको घरदेखि रामपुकार मुखियाको घरसम्म PCC ढलान	२९४७७६	२९०५८०	२९०५८०	विकाश कन्सट्रक्सन शहिदनगर
१९३-०७९।३।२५	हरिपुर देखि वकैया सम्म सडक मर्मत र ग्राभेल	९९९५१०	९८७९१७	९८७९१७	आनन्द कन्सट्रक्सन जनकपुर १९
१९६-०७९।३।२५	नगरपालिकाको कम्पाउण्डवाल तथा भवन मर्मत	४९९५२६	४८७५७६	४८७५७६	बकृत कन्सट्रक्सन जनकपुरधाम ४
२०३-०७९।३।२५	राजधानी शहको घरदेखि कदम चोक सम्म ढलान	३९३९९३	३९१५७४	३९१४९३	सहगल कन्सट्रक्सन खपुरी ४ धनुषा

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०४-०७९।३।२५</td><td>अधुरो लक्ष्मण पोखरीमा घाट निर्माण</td><td>३९०२४७</td><td>३९०२४७</td><td>१८५०२८</td><td>अरोरा डेप्पी निर्माण सेवा लालवन्दी २ सर्लाही</td></tr>
<tr><td>२०५-०७९।३।२५</td><td>पिपल वोट मुनी चपुतरा निर्माण वडा ६</td><td>३९९८६५</td><td>३९८०५६</td><td>३७७२५०</td><td>सोने कन्सट्रक्सन जनकपुराधाम१५</td></tr>
<tr><td>२०७-०७९।३।२५</td><td>वैदेहीको भन्सार देखि रामअवतारको घरसम्म माटो ग्राभेल</td><td>२९९५३३</td><td>२९७९२५</td><td>२८५७७२</td><td>शिवम कन्सट्रक्सन औरही</td></tr>
<tr><td>२०९-०७९।३।२५</td><td>रिक मण्डलको घरदेखि विदेश्वर मण्डलको घरसम्म ढलान</td><td>९८४९८७</td><td>९७८८८४</td><td>९७८७३४</td><td>आर आर विल्डर्स हंसपुर ३</td></tr>
<tr><td>२१०-०७९।३।२५</td><td>किशोरी मण्डलको घरदेखि राजकुमार मण्डलको घरसम्म PCC</td><td>४९२४६५</td><td>४८९४९७</td><td>४८९१२२</td><td>अभिनय विल्डर्स जनकपुर १६</td></tr>
<tr><td></td><td></td><td>२०६८७२७१</td><td>२०४८७९०६</td><td>१९४२६७५५</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४५</td><td>१९</td><td>२०७९-२-२५</td><td>झोलुङ्गे पुल निर्माण :-
वडा नं. ८ वफैको बिमला वेलउती खोलामा २४ मिटर लम्वाई १५० से.मि. चौडाई भएको झोलुङ्गे पुल निर्माण गर्न झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिसँग मिति २०७८।९।३ मा रु.३७,५६,०३७ मा सम्पन्न गर्नेगरी मिति २०७८।१।३ मा सम्झौता भएको छ।पालिकाले उपभोक्ता समितिको म्याद थप नगरीकन मिति २०७९।२।२५ गते योजना फरफारक गरी रु. ३७,५६,०३७ भुक्तानी गरेको छ।साथै सो कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश भएको छैन भने भारवहन परीक्षण गरेको व्यानर सहितको फोटो सम्लग्न गरेको भएपनि सो परीक्षणबाट देखिएको नतिजा सहितको प्रमाणत प्रतिवेदन सम्लग्न छैन।अत: भारवहन परीक्षणको सक्कल प्रमाण,कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>३,७५६,०३७</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>सुरक्षित नागरिक आवास कार्यक्रम :-
सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५को दफा ५ उपदफा ८ मा लाभग्राहीले प्राप्त पहिलो किस्ताको ६० प्रतिशत रकमबाट जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्यसम्पन्न भएको भनी सम्वन्धित स्थानीय तहको प्राविधिकबाट अनुसूची-३ बमोजिम प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा दोस्रो तथा अन्तिम किस्ता वापतको ४० प्रतिशत अनुदान रकम उपलव्ध गराउने व्यवस्था रहेको छ। नगरपालिकाले गो.भौ.नं.२, ३ र ९ बाट वडा नं १,३,४,५,६ ,७ र ९ का विभिन्न ६१ वटा आवास निर्माणका लागि यस आ.ब.मा रु.१८,३०,००० खर्च लेखेको देखिन्छ। सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयनका लागि कार्यविधिले तोकेबमोजिम पहिलो, दोस्रो तथा अन्तिम किस्ताको रकम निकासाको कागजात भौचर संलग्न भएको देखिएन, जसबाट भएको काम यकिन गर्न सकिएन। अत: खर्चको सदुपयोगको सुनिश्चिताको लागि कार्यक्रमको अनुगमन गरी कार्यविधिले तोके बमोजिम खर्च भए नभएको सन्दर्भमा प्राविधिकबाट नापी किताव कार्यसम्पन्न प्रतिवेदन तयार गर्न लगाई पेश गर्नुपर्ने रु.</td><td>१,८३०,०००</td></tr>
<tr><td>४७</td><td>१५</td><td>२०७८-१२-२३</td><td>पेश्की रकम जोखिममा :-
ठेक्का नं BM/SW/NCB/01/78/79 को Construction of Academic Block of Ma bi Bafai School Building, Bideha-8, Bafai निर्माण कार्यका लागि लागत अनुमान रकम रु.१,४७,०३,१८६।२३ को तुलनामा ४८.७१ प्रतिशत घटीमा सम्झौता रकम रु.७५,४०,५८७ मिति २०७९।३।१५ मा सम्पन्न गर्नेगरी मिति १७ माघ २०७८ मा निर्माण व्यवसायी S.D Construction (S.D) Bhannale Sridev सँग ठेक्का सम्झौता भएको छ।सो कार्यका लागि पालिकाले मिति २०७८।१२।३ मा १० प्रतिशत मोविलाईजेश बापत रु.८,५०,००० पेश्की दिएकोमा लेखापरीक्षण मिति २०७९।९।२५ सम्म पनि कार्य आरम्भ गरेको छैन भने अग्रिम पेश्की जमानत नं APG4422NPR00062 को म्याद मिति ०३ फेब्रुवरी २०२२ मा समाप्त भईसकेकोले पेश्की रकम पनि जोखिममा परेको छ। अत:खरिद सम्झौताको शर्त बमोजिम ठेक्का व्यवस्थापन गरी पेश्की जमानत म्याद थप गर्नुपर्ने अन्यथा पेस्की रकम फिर्ता लिनुपर्ने रु.</td><td>४,०७७,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>

बढी रकम भुक्तानी :-

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नमूना छनौट गरी परीक्षण गर्दा कार्यालयले निम्नानुसारको निर्माण कार्यको भुक्तानी दिंदा गुणस्तर परीक्षण नगरेको तथा नापी किताब र नर्म्स अनुसार लाग्ने सामग्री भन्दा घटी विल संलग्न गरेपनि उपभोक्ता समितिलाइ नर्म्स वमोजिम कै रकम भुक्तानी गरेको देखियो । वास्तविक लाग्ने भन्दा कम सामाग्री (रड, सिमेन्ट) प्रयोग गरेको देखिएकोले गुणस्तरीयता कायम समेत नहुने देखिन्छ ।तसर्थ वडा नं २ मा वर्थिङ सेन्टर निर्माणका लागि वडा नं २ वर्थिङ सेन्टर उपभोक्ता समितिलाई नर्म्स अनुसार रकम भुक्तानी गरेको नदेखिएकोले निम्नानुसार असुल गर्नुपर्ने देखिएको रु.

<table>
<tr><th>गो भौ नं/ मिति</th><th>काम</th><th>बिल अनुसारको परिमाण</th><th>भुक्तानी भएको परिमाण</th><th>बढी भुक्तानी परिमाण</th><th>दर</th><th>बढी भुक्तानी रकम रु.</th></tr>
<tr><td>११/२०७८।११।२७</td><td>Reinforcement work</td><td>३८९२.४६</td><td>४६८९.४६</td><td>७९६.८६</td><td>९६</td><td>७६४९८.५६</td></tr>
<tr><td>१६/२०७९।१।२१</td><td>Reinforcement work</td><td>०</td><td>३२६.९६</td><td>३२६.९६</td><td>९६</td><td>३१२९६</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>१०७७९४.५६</td></tr>
</table>

</td><td>१०७,७९४.५६</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>

विद्यालयहरुमा शुद्ध खानेपानी जडान कार्यको व्यवस्थापन

</td><td></td></tr>
<tr><td>४९.१</td><td>46</td><td>२०७८-११-९</td><td>नगरपालिकाले विभिन्न ३ स्थानमा रहेका बिद्यालय तथा नगरपालिका भवन परिसरमा शुद्ध खानेपानी कार्यको लागि वाटर ट्रिटमेन्ट प्लान्ट २५० लिटर, १२५ लिटर तथा जडान कार्यको लागि रु. ३९,९८,००० को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट आपूर्तिकर्ता छनौट गरी खरिद कार्य गरेको छ सो अन्तर्गत देखिएका व्यवहारोहरू निम्नानुसार रहेका छन्</td><td></td></tr>
<tr><td>४९.२</td><td></td><td></td><td>लागत अनुमान तथा दर विश्लेषण - सार्वजनिक खरिद नियमाबली, २०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यबस्था रहेको र उपनियम २ मा सोको नर्म्स सम्बन्धी व्यबस्था रहको छ । पालिकाले यस कार्यको लागि installation of treatment plant with given specification 250 liters, treatment plant with installation 125 liter, other installation item कार्यको लागि लागत अनुमान तयार गर्दाको आधार र दर विश्लेषण सम्लग्न गरेको देखिएन । तसर्थ उक्त लागत अनुमान तयार गर्दाको आधार पेश हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४९.३</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ को उपनियम १ बोलपत्र आह्वानको सूचना राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा प्रकाशन गर्नु पर्ने, उपदफा (२) मा उपदफा (१) बमोजिमको सूचना केन्द्रीयस्तरको सार्वजनिक निकायको हकमा सो निकाय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साईटमा राख्नु पर्नेछ र जिल्लास्तरीय सार्वजनिक निकायको हकमा त्यस्तो सूचना सो निकाय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साईटमा राख्न सकिने व्यवस्था रहेको छ। नगरपालिकाले शुद्द खानेपानी कार्यको लागि वाटर ट्रिटमेन्ट प्लान्ट २५० लिटर, १२५ लिटर तथा जडान कार्यको लागि रु.३९,९८,००० को लागत अनुमान तयार गरी स्थानीय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी ठेक्का व्यवस्थापन गरेकोमा लागत अनुमानको तुलनामा ०.४० प्रतिशत घटी कवोल गर्ने यमुनोत्री इन्टरप्राइजेज जनकपुरसँग रु.३९,८१,९०० मा सम्झौता गरी भुक्तानी भएको देखियो।यसरी नियमानुसार सूचना प्रकाशन नगर्नाले तथा वेभसाइटमा समेत नराख्नाले पर्याप्त प्रतिस्पर्धात्मक स्थिति सृजना भएको भनी यकिन गर्न सकिएन ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४९.४			सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ अनुसारखरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक दश लाख रुपैंयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले देहायको कुराको बीमा गराउनु पर्ने व्यबस्था रहेको छ । उपर्युक्त अनुसारको निर्माण कार्यको सम्झौता गरी कार्य गर्दा नियमावलीमा व्यवस्था भए बमोजिम बीमा गरेको देखिएन । साथै निर्माण सम्पन्न पश्चात गुणस्तर परीक्षण समेत गराएको देखिएन ।नियम कानुनको परिपालना गरे खरिद व्यवस्थापन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।	
४९.५			उपर्युक्त अनुसारको ट्यांकी तथा treatment plan जडान गरेपश्चात नापजाँच तथा कार्यसम्पन्न प्रतिवेदन सम्लग्न नभएकोले कार्य सम्पन्न प्रतिवेदन समेत पेश गर्नुपर्ने रु	३,९८१,९००
५०	१३	२०७८-१२-२२	**सुधारिएको चुलो :-** नवीकरणीय उर्जा प्रविधि जडान कार्यक्रमबाट वायो चुल्हा सुधारिएको चुलो खरिद बापत च्वाईस इन्फोटेक विल्डर्स प्रा लि (६१०१५२४७८) लाई मु.अ. करको ३० प्रतिशत समेत कट्टा नगरी भुक्तानी भएकोमा सो चुल्हो लेखापरीक्षण अवधिसम्म पनि वितरण भएको छैन।खरिद गर्नु अघि बनाउनु पर्ने सामानको Specification पनि बनाएको छैन भने फर्महरुसँग दररेट माग गर्दा पनि यस्तो कार्यगर्ने ईजाजत नभएको असम्बन्धित फर्म मेकटेक सोलुशन प्रा.लि. (६०९८४४४३४) सँग समेत प्रस्ताव माग गरी प्रतिस्पर्धालाई सिमित बनाएको देखिन्छ।सामान प्राप्ति पश्चात गुणस्तर सुनिश्चित समेत गरिएको छैन।यसरी आवश्यकता पहिचान नगरी आवश्यक खरिद प्रकृया नअपनाई सुधारिएको चुलो खरिद गरी भुक्तानी भएकोमा चुलो वितरणको भरपाई पेश गर्नुपर्ने रु.	७९४,१६४
५१			**निर्माण कार्यको समय र गुणस्तरियता** सार्वजनिक निकायले कुनै पनि निर्माण कार्य गर्दा सो पुरा गर्न लाग्ने अवधि, गुणस्तरियता लगायतको विचार गरी निर्माण समयावधी कायम गर्नुपर्दछ।निम्नानुसार उपभोक्ता समितिहरुसंग सम्झौता गरी निर्माण कार्य गर्दा सिमेन्ट कंक्रिट,भवन निर्माण लगायतमा न्यून अवधि भित्र सम्पन्न गर्नेगरी सम्झौता गरेको तथा सोही अबधिभित्र उपभोक्ता समितिले सम्पन्न गरेको देखियो । फाउण्डेनदेखि ढलानसम्मको कार्यको लागि उपभोक्ता समितिलाई सम्झौता गरी भुक्तानी दिएकोमा अधिकांश खरिद सम्झौतामा जेठ महिनामा सम्झौता तथा असार महिनामा अधिकांश निर्माणकार्य सम्पन्न भएको देखिएको छ । यसरी गुणस्तरीय कामको आधार तय नगरी कार्यसम्पन्न प्रतिबेदन, नापी किताब लगायतमा मिति समेत उल्लेख नगरी कार्य गराएकोले रितपूर्वक कार्य भएको देखिएन। सिमेन्ट कंक्रिट लगायतका कार्यहरूको गुणस्तर कायम हुनेगरी व्यवस्थित अनुगमन प्रतिवेदन समेत सम्लग्न गरे निर्माणकार्य गराउनु पर्ने देखिन्छ ।	
५२			**योजना अनुगमन स्थलगत निरीक्षण** नगरपालिकाले यसवर्ष अधिकांश निर्माण कार्य उपभोक्ता समितबाट गराएको छ।यसरी गरीएका निर्माण कार्यको अनुगमन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(ख) अनुसार नगरपालिका उपप्रमुखको काम कर्तव्य तथा अधिकार सम्बन्धमा उल्लेख छ । जसअनुसार योजना अनुगमन तथा प्रतिवेदन सम्बन्धमा व्यवस्था रहेको छ ।नगरपालिकाले योजनाहरु अनुगमन कार्यको लागि नगरपालिका प्रमुखलाई आमन्त्रितको रुपमा राखिएको र अनुगमन फाराममा अनुगमनकर्ताको नाम, पद, ठेगाना, सम्पन्न कार्यको प्रतिक्रिया (राम्रो,धेरै राम्रो,सन्तोषजनक) उल्लेख गरीएको तर उपरोक्त अनुगमन फारमका केही योजनाहरूमा मात्र उल्लेखित फर्मेट भरिएको, अधिकांश योजनाहरुमा अनुगमन समितिको संयोजक उपप्रमुखले दस्तखत गरेको देखिएन । नगरपालिका स्तरबाट सञ्चालन भएका योजनाहरुमा सम्बन्धित वडाको सिफारिस नभई नगरपालिका प्रमुखबाट निर्माणकार्य सम्पन्न भएको ब्यहोराको पत्र सम्लग्न भएको देखियो। नगरस्तरीय योजनामा नगरप्रमुख बाटै सिफारिस भएको तथा अनुगमन समितिको प्रतिवेदनमा पनि नगरप्रमुखको नै दस्तखत भएकोले उल्लेखित ऐनको प्रावधानको पालना भएको पाइएन । केही योजनाहरुमा अनुगमन समितिको फारम समेत सम्लग्न नभएको र वडा कार्यालयबाट मात्र कार्यसम्पन्न भएको पत्र सम्लग्न भएको आधारमा भुक्तानी गरेको देखियो।अनुगमन पश्चात दिएको योजनाको प्रतिवेदनमा योजनाको कार्यान्वयनको पुष्टयाई गर्ने तस्वीर, अनुगमनका क्रममा देखिने त्रुटी तथा सुधार सुझाबहरु लगायको कुराहरु उल्लेख भएको देखिएन।उपर्युक्त विवरणहरु नदेखिनाले वास्तविक लागत अनुमान तथा उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन र सम्पन्न भएको तथा अनुगमनको वास्तबिक उद्देश्य अनुरुप भन्दा प्रकृयामुखी मात्र भएको छैन भन्न सकिएन। भौतिक पुर्वाधार तर्फका योजनाहरुको मात्र केही संख्यामा अनुगमन प्रतिबदेन भएकोले पालिकास्तरबाट हुने सम्पूर्ण तालिम कार्यक्रम, वितरणमुखी कार्यक्रम तथा क्षमता विकास कार्यक्रमहरुको समेत अनुगमन तथा निरीक्षण गरी श्रोत साधनको सदुपयोग सम्बन्धमा बिश्लेशण गर्नुपर्दछ । ऐन कानुनले व्यवस्था गरे अनुसार कामको गुणस्तर कायम भए नभएको सम्बन्धमा प्राविधिक एवम् अनुगमन कार्यलाई जिम्मेवार बनाई निर्माण तथा अन्य कार्यको गुणस्तर कायम हुनुपर्दछ ।	
५३			**नर्म्सको प्रयोग**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पालिकाबाट सञ्चालन तथा सम्पन्न भएका सडकहरूको ढलान कार्यको कार्यको लागि पिसीसी र आरसीसी कार्य गर्न डोलिडारको नर्म्स प्रयोग गरेको जनाएकोमा मानिसबाट सिमेन्ट मिक्सिङ तयार गर्ने दर विश्लेषण सम्लग्न गरेको देखियो।सिमेन्ट मिक्स्चर को प्रयोग नगरी मानिसको प्रयोग गरी सिमेन्ट मसला तयार गर्दा गुणस्तरीय नहुने राम्रोसँग मिक्स नभइ स्ट्रेन्थ्य समेत नहुने तथा बढी व्ययभार समेत पर्ने देखिएकोले सडक अन्तर्गतका कार्यहरु गर्नको लागि सडक विभागको नर्म्स प्रयोग गर्नुपर्ने देखिन्छ। कार्यालयबाट सञ्चालन भएका निर्माण कार्यहरूको गुणस्तर परीक्षण समेत गराएको नदेखिएकोले गुणस्तर सम्बन्धमा विश्वस्त हुने आधार भएन ।</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>हेभी मेसिनको प्रयोग
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) अनुसार श्रममूलक प्रकृतिको काम र उपनियम १० बमोजिम उपभोक्ताले लिएको काम आफैले सम्पन्न गर्नुपर्ने र निर्माण व्यवसायी प्रयोग गर्न नहुने उल्लेख छ । नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारका योजनामा उपभोक्ता समितिको योगदान देखिने न्यून रकमको बिल भरपाई सम्लग्न गरी निर्माण व्यवसायीबाट काम गराई उपभोक्ता समितिको नाममा बिजक जारी गरेको र उपभोक्ता समितिले पनि सोही बिजक लगायतका बिल भर्पाई पेश गरी कार्यालयबाट रकम भुक्तानी गरेको देखियो । हेभी मेशिनको प्रयोगको लागि सम्बन्धित प्राविधिकबाट सिफारिस समेत भएको देखिएन । नियमकानून अनुसार प्रतिस्पर्धात्मक तवरवाट मितव्ययी ढंगले खरिद नगरी लागत अनुमान रकम बराबरमा नै निर्माण व्सायीवाट कार्य गराई उपभोक्ता समितिलाई श्रम योगदानमुलक नहुने तथा जटिल कार्यको भुक्तानी गरेको नियमसम्मत देखिएन।
<table>
<tr><th>गो.भौ.नं.</th><th>योजना</th><th>वडा न</th><th>लागत अनुमान रु</th><th>कार्यसम्पन्न रु</th><th>कुल बिल रु</th><th>निर्माण ब्यवसायीको बिल रु</th></tr>
<tr><td>२९।०७८।८।१९</td><td>लबटोलि गाँउदेखि भुताही सम्म कृषि बाटो</td><td>७</td><td>१९९९४५५</td><td>११९६४१३</td><td>१३३०४९६</td><td>८५२२४६</td></tr>
<tr><td>३२।०७८।९।२१</td><td>योगियाडा पुल देखी औरही सीमास्तम्भ ढलान</td><td>७</td><td>१४४४०४४</td><td>१३९८८२७</td><td>१४०१००९</td><td>९७९७१०</td></tr>
<tr><td>१८१।०७९।३।२५</td><td>सार्वजनिक भवन फिनिसिङ</td><td>७</td><td>२७३१४५</td><td>२४९२०४</td><td>२२४२८३</td><td>१७७४१०</td></tr>
</table></td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>उपभोक्ता समिति छनौट
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौता बाहेक सम्झौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असरपर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>योजना र कार्यान्वयन</td><td></td></tr>
<tr><td>५६.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। सो अनुसार दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको पाइएन।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५६.२</td><td></td><td></td><td>नगरपालिकाले उपभोक्ता समितिसँग निर्माण सम्झौता गरी कार्य गर्दा दीर्घकालीन प्रकृतिका तथा टिकाउ हुने योजनाहरुको छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। योजना छनौट तथा कार्यान्वयन गर्दा माटो पुर्ने लगायतका कार्यहरु गरेको देखियो।यस्तो प्रकारका योजना छनौट गर्दा वर्षेनी दोहोरिने तथा टिकाउ प्रकृतिको नहुने देखिएकोले दीर्घकालीन तथा पक्की संरचना निर्माण गर्न ध्यान दिनुपर्ने देखिन्छ।केही उदाहरणहरु
<table>
<tr><th>गो.भौ.नं. मिति</th><th>योजनाको नाम</th><th>ल.ई. रु.</th><th>कार्यसम्पन्न रु.</th><th>भुक्तानी रु.</th></tr>
<tr><td>८५-०७९।११।२७</td><td>हरी पोखरी देखि माटो ग्राभेल वडा ६</td><td>८७४६६७</td><td>८५९९७५</td><td>७७३९७०</td></tr>
<tr><td>९९-०७८।१२।१०</td><td>गिट्टादेखि मुतही लवटोलसम्म माटो ग्रभेल</td><td>१०९३३३६</td><td>१०८८०८०</td><td>९६९२७२</td></tr>
<tr><td>१३२-०७९।१।२१</td><td>झिजादेखि ठाडीसम्म ग्राभेल वडा १</td><td>१९६९७३०</td><td>१४४४५७४</td><td>१३००११७</td></tr>
<tr><td>१८४-०७९।३।२५</td><td>विजयमण्डलको घरदेखि कारी मण्डलको घरसम्म ग्राभेल तथा मखन टोलदेखि सतोको घरसम्म ग्राभेल</td><td>७९९८४८</td><td>६५११५८</td><td>६५११५८</td></tr>
<tr><td>१८५-०७९।३।२५</td><td>तरही मेनरोड देखि डिहिवार स्थान तथा जमुन घरदेखि मेनरोड सम्म ग्राभेल</td><td>९९९३७६</td><td>९७२००५</td><td>९७२००५</td></tr>
<tr><td>२०७-०७९।३।२५</td><td>वैदेहिको भन्सारदेखि रामअवतारको घरसम्म ग्राभेल</td><td>२९९५३३</td><td>२८५७७२</td><td>२८५७७३</td></tr>
</table></td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>बढी भुक्तानी
सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ।नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारको निर्माण कार्यको भुक्तानी दिँदा गुणस्तर परीक्षण नगरेको तथा नापी किताव र नर्म्स अनुसार लाग्ने सामग्री भन्दा घटी विल सम्लग्न गरेपनि उपभोक्ता समितिलाई नर्म्स बमोजिमकै रकम भुक्तानी गरेको देखियो।वास्तविक लाग्ने भन्दा कम सामाग्री (रड, सिमेन्ट) प्रयोग गरेको देखिएकोले गुणस्तरियता कायम समेत नहुने देखिन्छ।तसर्थ नर्म्स अनुसार खरिद गरेको नदेखिएकोले निम्नानुसार असुल गर्नुपर्ने देखिएकोरु..
<table>
<tr><th>भौ न</th><th>योजना</th><th>कार्य</th><th>नापी अनुसार हुनुपर्ने परिणाम</th><th>श्रेस्तासाथ सम्लग्न बिल भरपाइ परिमाण</th><th>नपुग सँख्या</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>४।०७८।६।२५</td><td>राकेशको घर देखि मुल सडकसम्म RCC ढलान</td><td>सिमेन्ट</td><td>१३६०</td><td>१२३२</td><td>७५०</td><td>७५०</td><td>९६०००</td></tr>
<tr><td>१८।०७८।७।१७</td><td>भिष्य बाबा मन्दिर देखि पञ्च नाथ मन्दिर सम्म सडक ढलान वडानम्बर 2</td><td>सिमेन्ट</td><td>१२१</td><td>७७</td><td>६५०</td><td>६५०</td><td>२८६००</td></tr>
<tr><td>६९।०७८।११।१६</td><td>नभका टोलमा मस्जिद निर्माण</td><td>सिमेन्ट</td><td>६६४</td><td>५२९</td><td>६७५</td><td>६७५</td><td>९११२५</td></tr>
</table></td><td>५२६,११०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

		रड	६२९१	५७१९	११५	११५	६५७८०
९६।०७८।१२।८	भगवती मन्दिर जीर्णोद्वार	रड	५९१	४८५	११५	११५	१२१९०
१४६।०७९।२।१२	तरहीमा मस्जिद निर्माण वडा नम्बर ९	रड	१३१८	९७७	११५	११५	३९२१५
प्रदेश शशर्त ९।०७९।३।२५	सिमराहि पोखरीया घाट निर्माण वडा नं १	छड	४८३४	४४१३	११५	११५	४८४१५
ससर्त पुँजिगत २६।०७८।३।१८	भैठला पैनिमा कलभर्ट निर्माण वडानम्बर ८	छड	६१६२	४९०३	११५	११५	१४४७८५
							५२६११०

५८ **ह्याण्डपम्प जडान**

५८.१ पालिकाले यसवर्ष बिभिन्न स्थानमा ह्याण्डपम्म ४२७ थान जडान कार्यको लागि रु.१,६२,५८,३५६ को लागत अनुमान तयार गरी रु.१,५३,९२,३९१ को कार्यसम्पन्न सम्लग्न गरी रु.१,३८,६५,१७३ खर्च लेखेको छ। यसरी खर्च लेख्दा सार्वजनिक जग्गामा निर्माण कार्य भएको आधार श्रेस्तासाथ पेश बिबरणमा खुल्न आएन। उपभोक्ता समितिको विल भरपाईसाथ विभिन्न व्यक्तिहरुले "हाम्रो दरवाजा सामुन्ने निर्माण कार्य भएको साँचो हो" भन्ने उल्लेख गरेको देखिन्छ। यसरी जग्गा प्राप्त नगरी तथा जग्गाको किसिम (गुठी, सरकारी, निजी, ऐलानी) नखुलाई तथा नापी किताब, ठेक्का बिल तथा कार्यसम्पन्न प्रतिवेदनमा मिति समेत उल्लेख नगरी निर्माण कार्य गराएको देखियो। सार्वजनिक जग्गामा निर्माण कार्य भएको आधार स्पष्ट नहुनाले सिमित व्यक्तिहरुले निजी लाभको लागि मात्र उपरोक्त ह्याण्डपम्पहरु प्रयोग गर्नसक्ने देखिन्छ। निर्माणकार्य गर्नुपूर्व अत्यधिक लाभग्राहीहरुलाई उपयोग हुने पद्धतिको योजनाहरु छनोट गरे कार्य गर्नुपर्ने देखिन्छ।

गो.भौ.नं.	योजनाको नाम	जडान संख्या	वडा नं.	लागत अनुमान रु.	कार्यसम्पन्न रु.	भुक्तानी रु.
१६।०७८।८।१	वडा नं. ३	५०	३	१८७२१५८	१८६९६३६	१६८२६८३
१९।०७८।८।१	विभिन्न स्थानमा जडान	४६	९	१८७२१५८	१८६९६३६	१६८२६८३
४८।६६।८६।१७६	विभिन्न स्थानमा जडान	२६२		९८४९१८२	९८०७८०७	८८२७०२७
१७५।०७९।३।२४	वडा नं. ८ मा जडान	२४	८	१३३२५९५	५१९९५५	४७९९५९
२१३।०७९।३।२५	विभिन्न ठाउमा जडान	४५	१,३,५,६ र ७	१३३२२६३	१३२५३५७	११९२८२१
		४२७		१६२५८३५६	१५३९२३९१	१३८६५१७३

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५८.२</td><td></td><td></td><td>उपभोक्ता समितिले उपरोक्त अनुसारको कार्यसम्पन्न प्रतिवेदन सम्लग्न गरी भुक्तानी गर्दा खरिद विल, भरपाई र डोर हाजिरी रु.९८,५२,२६७ सम्लग्न भएको मध्ये हेण्डपम्प, पाइप लगायतको सामाग्रीको आपूर्तिकर्ता शिवम् हार्डवेयर एण्ड सप्लायर्स रहेको छ । आपूर्तिकर्ताले पेश गरेको कर विजकमा उल्लेख गरेको प्यान नं. आन्तरिक राजस्व विभागको वेबसाइटबाट प्यान सर्च गरी हेर्दा उक्त प्यान नं. मा देहायको बमोजिम हैवन ग्रिन गार्डैनको विवरण सम्बन्धी देखाएकोले उक्त प्यान नं. सम्बन्धीत करदाताको भए नभएको यकिन गर्नुपर्ने तथा भुक्तानी लिएको कर रकम सम्बन्धीत कर कार्यालयमा समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>आपुर्तक</th><th>बिल मिति</th><th>विजक न</th><th>भ्याट रकम समेतको बिल</th><th>पान नं.</th><th>कैफियत</th></tr>
<tr><td rowspan="3">शिवम् हार्डवेयर पसल, बिदेह नपा ६ धनुषा</td><td rowspan="3">२०७८।८।४</td><td>११४</td><td>१०३६६२३</td><td rowspan="3">३०४५३४१८४</td><td rowspan="3">उपरोक्त प्यान सर्च गर्दा हैवन ग्रिन गार्डेन मटिहानी नपा करदाता सेव कार्यलय जलेश्वर देखिएको</td></tr>
<tr><td>११२</td><td>१०८४९४८</td></tr>
<tr><td>१०९</td><td>१००२५५९</td></tr>
<tr><td></td><td></td><td></td><td>३१२४१३०</td><td></td><td></td></tr>
</table></td><td>३५९,४१३</td></tr>
<tr><td>५९</td><td>180</td><td>२०७९-३-२५</td><td>इन्डक्सन चुलो खरिद
समपुरक कोष तथा अन्य योजनाहरुसँग साझेदारी अन्तर्गत वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग खाना पकाउने स्वच्छ ऊर्जा तथा प्रविधि प्रवर्द्धनको कार्यक्रमको लागि लागत साझेदारीमा ५०० वटा इन्डक्सन चुलोको लागि सम्झौता भएको छ। खरिद व्यवस्थापन बैकल्पिक उर्जा केन्द्रबाटै हुनेगरी भएको सम्झौतामा केन्द्रले पेश गरेको डोलेश्वरमा महादेव निर्माण एण्ड सप्लायर्स शखमुल बानेश्वरको बिल रकम रु.२१,११,४०४ (५००*३७६७) सम्लग्न गरी नगरपालिकाले रु.८,४४,५६२ भुक्तानी गरेको छ। उपरोक्त सामग्री मिति २०७८।२।२७ मा जिन्सी दाखिला गरेकोमा हालसम्म जिन्सी मौज्दातमै रहेको छ। सम्बन्धित घरधुरीहरुमा हाउसवायरीङ नभएको वितरण गर्न नसकिएको कार्यालयले जनाएको छ। ढुवानी, जडान तथा लाभग्राहीसंग सप्लाइको काम बाँकी रहेको भनी १० प्रतिशत रकम (रु.८४,४५६) कट्टी गरी भुक्तानी गरिएको छ। नगरपालिकाले यसरी लागत साझेदारीको काम गर्दा यसको कार्यान्वयन तथा उपयोगितको पक्षमा ध्यान दिएको देखिएन। उद्देश्यअनुरुप वास्तविक लाभग्राहीको पहिचान नगरेको, खरिद आवश्यकताको पहिचान नगरेको तथा हालसम्म वितरण नगरी जिन्सी खातामै मौज्दात रहेको देखिएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु</td><td>८४४,५६२</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>अधुरा निर्माण कार्य</td><td></td></tr>
<tr><td>६०.१</td><td></td><td></td><td>नगरपालिकाले न्यून बजेट विनियोजन गरी उपभोक्ता समितिमार्फत भौतिक संरचनाहरू निर्माण गर्दा अधुरो हुनेगरी कार्य गरेको तथा उपभोक्ता समितिले जति काम सकियो सो अनुसार पेश गरे बमोजिमको आधारमा कार्यसम्पन्न प्रतिबेदन तयार गरेको देखियो। यसो गर्नाले अधुरो योजनाहरुको निर्माण कार्य पुरा गर्न धैरै वर्ष लाग्ने तथा वार्षिक रूपमा बजेट विनियोजनको सुनिस्चितता समेत नहुने देखिन्छ। योजना छनौट गर्दा पर्याप्त बजेट तथा सम्पन्न हुने हिसाबले गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ।नमुना छनौट गरी परीक्षण गर्दा आंशिक रुपमा मात्र कार्य हुने गरी लागत अनुमानको तयारी भएका यसबर्षका अधुरो योजनाहरु यस प्रकार रहेका छ।
<table>
<tr><th>गो.भौ.नं. मिति</th><th>योजनाको नाम</th><th>ल ई रकम रु.</th><th>कार्यसम्पन्नरकम रु.</th><th>भुक्तानीरकम रु.</th></tr>
<tr><td>७३-०७८।११।१६</td><td>अधुरो दलित विवाह मण्डप निर्माण वडा ५</td><td>१६६६३७०</td><td>१६५७७३९</td><td>१४९१९६५</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

८३-०७८।११।२५	राइ टोलमा समुदायिक भवन रंगभेन	५४७१६३	५४५६६८	४९११०२
९५-०७८।१२।०८	दुर्गा मन्दिर निर्माण वडा २	२७३७१३९	१३०८८६४	११७७९७७
९१-०७८।१२।०८	अधुरो भगवती मन्दिर निर्माण	८७५५५१	८५५९६९	७७०३७२
९७-०७८।१२।०९	अधुरो कविर कुटी निर्माण	६५६५५०	६४४०२४	५७९६२१
१०१-०७८।१२।१०	अधुरो भवन निर्माण	४९९०५५	४८२१४७	४८२१४७
११८-०७८।१२।२२	गौरी शंकर पुस्तकालय व्यवस्थापन	५९०८९३	५८४८९१	५८४८९१
१२१-०७९।१।२९	अधुरो मदरसा निर्माण वडा ५	२४६१७२	२४४१६१	२४४१६१
१३४-०७९।१।२१	महादेव मन्दिर निर्माण वडा ८	१०९३९५८	१०९१२८६	९८२१५७
१३९-०७९।१।२६	अधुरो जुलसेना मदरसा निर्माण वडा ९	१९५३०९६	२१७११८७	१९५४०६८
१७२-०७८।३।२२	अधुरो दुर्गा मन्दिर निर्माण विदेह २	२७३४५०५	१३०८८६४	११७७९७७
१८१-०७९।३।२५	सावजनिक भवन फिनिसिङ वडा ७	२४५८३०	२४९२०४	२२४२८३
२०६-०७९।३।२५	अधुरो गोविन्द वावा मन्दिर वडा ८	११०४२७०	११०४२७०	९९३८४३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६०.२			उपरोक्तानुसार नगरपालिकाले गत विगतमा अधुरो रहेका केही निर्माण कार्यहरू यस वर्ष बजेट विनियोजन गरी गराएकोमा यस वर्ष समेत पूर्ण नहुने गरी उपभोक्ता समितिहरु मार्फत कार्य गराएको देखियो। पहिले अधुरा भएका योजनाहरूको निर्माण कार्य गराउँदा सम्झौता अनुसारको काम समेत नगरी उपभोक्ता समितिहरुले बिल पेश गर्ने गरेको र गरेको कामको परिमाणको आधारमा कार्य सम्पन्न गरी फरफारक गर्ने गरेको देखियो। यसो गर्दा योजना सम्पन्न हुने अवधि अनिश्चित बनेको छ।। योजनागत अभिलेख नराखी कार्य गर्नाले काम र भुक्तानीमा दोहोरोपना समेत हुन सक्ने देखिन्छ। तसर्थ सम्भावित योजनाहरुमा पर्याप्त बजेट विनियोजन गरी सम्पूर्ण कार्य एकैपटक हुने गरी गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।	
६१			**सीमा भन्दा बढीको काम**	
६१.१			ननफाइलर भुक्तानी :-मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १ मा भुक्तानीमा प्राप्त मुल्यवृद्धिको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरणसहित दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निम्नानुसारको विभिन्न फर्म तथा निर्माण व्यवसायीहरुलाई मुल्य अभिवृद्धि कर रकम समेत भुक्तानी दिएकोमा लेखा परीक्षण अवधि सम्म पनि उक्त फर्महरुले कर विवरण नबुझाई नन्फाइलर रहेको देखिएकोले मु.अ.कर समायोज प्रमाण पेश गर्नुपर्ने रु.	१५९,५४७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

भौ. नं. मिति	योजनाको नाम	ब्यबसायी	भुक्तानी रकम	मु.अ.कर रकम	प्यान नं.	ननफाइलर मिति	७० प्रतिशत भ्याट रकम
८।०७९।३।२४	वडा न ८ मा बिभिन्न स्थानमा ह्याण्डपाइप जडान	शिवम हार्डबेयर एण्ड जनरल सप्लायर्स बिदेह ६	४०८१११	४६९५०	६०६०५००७२	२०७८।m।१२	३२८६५
२०९।०७९।३।२५	पिसिसि ढलान	आरआरआर बिल्डर्स	७७८७३४	११२५९७		२०७८।m।४	७८८१७
				१५९,५४७			१११६८२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६१.२	173	२०७८-१२-२०	सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश गर्दा एक करोड रुपैंयाँ सम्मको लागत अनुमानको निर्माणको काम उपभोक्ता समिति मार्फत गराउन सकिने व्यवस्था छ । नगरपालिकाले यस वर्ष बिभिन्न २६२ स्थानमा ह्याण्ड पम्प जडान वापतको खर्च लेख्दा उपभोक्ता समितिसँग मिति २०७८।४।२९ मा लागत अनुमानमा मुल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिनजेन्सी समावेश नै नगर्दा समेत लागत अनुमान रु.९८,४९,१८० भएको र ओभरहेड र कन्टिनजेन्सी समावेश गर्दा रु.१,२७,९९,००० पुग्ने देखियो । मिति २०७८।९।३० मा रु.९८,४७,८०७ कार्यसम्पन्न प्रतिबेदन पेश भएकोमा रु.८८,२७,०२६ भुक्तानी गरीएको छासार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरीत हुने गरी निर्माण सीमाभन्दा बढीको काम उपभोक्ता समितिबाट गराएको नियमसम्मत नदेखिएको रु..	९,८४७,८०७
६२			**हेभी मेसिनको प्रयोग** सार्बजनिक खरिद नियमाबली, २०६४ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा श्रममुलक कार्य गराउनुपर्दछ । नगरपालिकाले कृषि सडक निर्माण लगायतका कार्यहरुमा हेभी मेसिनको प्रयोग गराई कार्य गरेको छ । उक्त प्रयोजनको लागि निर्माण व्यवसाय अन्तर्गत दर्ता भएका व्यवसायीलाई हेभी उपकरणको बिल रकमको भुक्तानी दिएको छ । सार्बजनिक खरिद नियमावलीको मर्म र भावना अनुरुप स्थानीयस्तरमा रोजगारी सृजना गराई आयआर्जन बृद्धि गराउने लक्ष्य अनुरुपको कार्य भएको देखिएन साथै निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्य हुने स्थानमा हेभी उपकरणको प्रयोग गर्नुपर्ने प्राबिधिक प्रतिवेदन सम्लग्न भएको पाइएन ।	
६३			**प्रधानमन्त्री रोजगार कार्यक्रम :-** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उदेश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।यस कार्यक्रम अन्तर्गत यस नगरपालिका वडाहरुम यस वर्ष मुख्य गरी सडक मर्मत तथा अन्य १३ योजनामा रु.१४४२,५००।- ज्याला खर्च गरेको छ।लक्षित वर्गलाई औषत २५ दिन सम्म ५११ जना व्यक्तिलाई रोजगारी उपलब्ध गराई श्रमिक ज्यालामा खर्च लेखेको छ।योजना छनौट गर्दा वडागत रुपमा समानता कायम गरेको देखिएन। नगरपालिकाको वडा नं. ७ मा मात्र ९ वटा योजना संचालन भएको देखिन्छ । अत: आगामी दिनमा योजना छनौटमा सन्तुलन कायम राख्दै लक्षित वर्गमा अल्पकालिन रुपमा रोजगारीको सृजना गर्ने भन्दापनि कामको दिगोपना तथा दीर्घकालीन रोजगारी सृजना गर्नेतर्फ नगरपालिकाको ध्यान जानुपर्ने देखिन्छ ।	
६४	११५	२०७९-३-२५	**कर्मचारी नियुक्ति :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (७) मा नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्ने व्यवस्था रहेको देखिन्छ ।नगरपालिकाको च.न.३५० को पत्रबाट निलम कुमारी यादवलाई अ.न.मी. पदमा २०७८/१०/०२ देखी लागु हुने गरी एकराही स्वास्थ्य चौकीमा र इन्द्रकला कुमारीलाई च.न.३५५ बाट सोहि मितिदेखी लागुहुने गरी स्वास्थ्य चौकीमा करारमा नियक्ति गरी असार मसान्त सम्म रु.	३१७,४८४

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>३१७,४८४।- तलव भत्ता वापत भुक्तान दिएको देखिन्छ।कर्मचारी करारमा नियुक्ति पूर्व दरवन्दी भित्र रहने सुनिश्चितता गरी कर्मचारी आवश्यकताको सार्वजनिक सूचना प्रकाशन गरेर प्राप्त निवेदनको आधारमा योग्य कर्मचारीलाई भर्ना छनौट गर्नुपर्नेमा नगरपालिकाले सूचना प्रकाशन गरेको तथा सो बमोजिम प्राप्त निवेदनको आधारमा छनौट गरी करारमा राखेको देखिदैन।यसरी नियुक्त भएका कर्मचारीको शैक्षिक योग्यता,अनुभव लगायतका विवरण तथा TOR समेत तयार नगरी करारमा नियुक्ति गरी भएको भुक्तानी अनियमित देखिएको रु.</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>नगद भुक्तानी :-
आयकर ऐन, २०५८ को दफा २१ मा ३ हजार सम्मको ज्याला बाहेक नगदमा भुक्तानी दिन नमिल्ने व्यवस्था रहेको छ ।नगरपालिकाले महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई यातायात खर्च वापत मासिक रु.१ हजारका दरले एक वर्षको रु.६४८,०००।- र राष्ट्रिय भिटामिन ए कार्यक्रम तथा जुकाको औषधी खुवाएवापत एक दिनको रु.४०० का दरले ढुवानी भाडा सहित गरी रु.८७,०००।- गरी कुल रु.७३५,०००। खर्च गरको छ।महिला स्वास्थ्य स्वयंम सेविकालाई खातामा रकम जम्मा गर्नुपर्नेमा पेश्कि लिएर वितरण गरेको देखियो । यसरी नगद वितरण भन्दा बैकिङ्ग प्रणालीमार्फत कारोवार गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><th>क्र.स.</th><th>भौ.न. र मिति</th><th>विवरण</th><th>पेश्कि रु</th></tr>
<tr><td>१</td><td>१६/२०७९/०३/२२</td><td>महिला स्वास्थ्य स्वयम् सेविकाहरुको यातायात खर्च २०७८ श्रावण महिना देखी षौष सम्मको</td><td>३२४,०००</td></tr>
<tr><td>२</td><td>७५/२०७९/०३/२२</td><td>महिला स्वास्थ्य स्वयम् सेविकाहरुको यातायात खर्च २०७८ माघ महिना देखी २०७९ असार सम्मको</td><td>३२४,०००</td></tr>
<tr><td>३</td><td>७५/२०७९/०३/२२</td><td>भिटामिन ए र जुकाको औषधी खुवाएवापतको यातायात खर्च</td><td>८७,०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६६</td><td>२३</td><td>२०७८-१०-७</td><td>औषधि खरिद :-
सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५(१क) मा २० लाख रुपैयासम्मको औषधिजन्य मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ । नगरपालिकाले स्वास्थ्य संस्थाका लागि आकस्मिक स्वास्थ्य सेवा कार्यक्रम बमोजिम शिलवन्दी दरभाउ पत्र मार्फत समता सुमिता मेडिक डिर्ट्रिब्युटर्ससँग मिति २०७८/०८/२९ मा रु. १५,००,०००।– को औषधि खरिद गरेको देखिन्छ जसमा निम्न व्यहोरा देखिन्छ
• नगरपालिकाको लागि कति परिमाणमा औषधि चाहिने हो आवश्यकता पहिचान नगरी प्रति एकाई दर रेट माग गरी सो को आधारमा औषत मुल्य कायम गरी सोबाट २० प्रतिशत मुल्य घटाएर शिलवन्दी बोलपत्र आब्ह्वान भएको देखिन्छ ।
• खरिद भएका औषधि WHO Certified हो हैन प्राविधिक मूल्याङकन भएको छैन ।
• औषधीको म्याद समाप्त हुने मिति खरिद गरिएको मितिबाट १८ महिना हुनुपर्नेमा सो समयावधि नदेखिएको ।
अत : नगरपालिकाले औषधि खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीले गरेका व्यवस्थाहरु पालनामा ध्यान दिनै समयमानै औषधि खरिद गरी वितरण गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६७</td><td>३५</td><td>२०७९-३-२५</td><td>सरसफाई सामग्री :-
नगरपालिकाले पोषण मैत्री नमुना टोल कार्यक्रम अन्तर्गत विभिन्न सरसफाई सामग्री वितरका लागि खरिद गरेकोमा सरसफाई सामग्री खरिद गर्नु अघि माग सङ्कलन गरी आवश्यकताको पहिचान पश्चात प्राथमिकता निर्धारण गरेर मात्र कुनैपनि सामग्री खरिद गर्नु पर्नेमा पालिकाले पोषण मैत्री नमुना टोल कार्यक्रम अन्तर्गत प्लाष्टिक बाल्टिन, डस्टविन ४५ लि. र डस्टविन सानो ३००/३०० वटा र सावुन</td><td>९९८,८४३</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			लाईफ ब्वाई १२९६ वटा खरिद गरीगरी न्यू विजय ट्रेडर्सलाई रु.९,९८,८४३ भुक्तानी दिएकोमा पालिकाले लेखापरीक्षण अवधिसम्म पनि सो सामान वितरण नगरी भण्डारण गरी राखिएकोले वितरण भरपाई पेश गर्नुपर्ने रु	
६८			**सुत्केरी र गर्भवतीलाई पोषण सामग्री :-** नगरपालिकाले पोषण मैत्री नमूना टोल कार्यक्रम अन्तर्गत सुत्केरी र गर्भवतीलाई पोषण सामग्री वितरण गर्न पोषण सामग्रीहरु घ्यु हर्लिक्स आदि पोषण सामग्री खरिद गरी वाणी जेनरल अडर्स सप्लायर्सलाई सम्झौता बमोजिमको रु.३८,३४,०२५ भुक्तानी दिएकोमा देखिएको व्यहोरा देहाय बमोजिम छन् :-	
६८.१	३९	२०७९-१०-२५	लागत अनुमान तयार गर्न दररेट माग गर्दा खरिद गर्ने सामानको विवरण उल्लेख नगरी विभिन्न ३ वटा फर्महरुसँग दररेट माग गरी हुन आउने औषत रु.४३,४८,७७५।८० नै लागत अनुमान कायम गरेको छ।	
६८.२			सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार रु.२० लाख भन्दा बढी रकम खरिद गर्नुपर्दा राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले स्थानीय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी ठेक्का व्यवस्थापन गरेको छ।पालिकाले आफ्नो कार्यालायको वेवसाईटमा समेत सूचना प्रकाशन गरेको देखिएन जसले गर्दा प्रतिस्पर्धालाई सीमित बनाएको देखिन्छ।	
६८.३			नगरपालिकाद्वारा स्वीकृत Standard Bidding Document पृष्ठ नं ४४ को Price Schedule for goods मा यस सामानहरुमा VAT , Tax Insurance , delivery charge लगायतका सबै रकम समावेश भएको उल्लेख छ। तर मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा बोलपत्रदातले पेश गरेको रकममा मु.अ.कर समेत जोडी मूल्याङ्कन गरी सोही बमोजिम सम्झौता गरी VAT समेत थप गरी भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.	३९४,००७
६९	३४	२०७९-३-२५	**पोषण सम्बन्धी होर्डिङ बोर्ड :-** नगरपालिकाले आ.व.२०७८।७९ को नमूना टोल कार्यक्रममा पोषण सम्बन्धी होडिङ वोर्ड विभिन्न २२३ स्थानमा प्रति बोर्ड रु ४३३९२ का दरले कुल रकम रु.९,९८,०१६ एस एन एडभरटाईजिङ्गलाई भुक्तानी दिएकोमा निम्न कैफियत देखिएका छन :- • होर्डङ बोर्डको साईज,बोर्डमा राखिने सूचना,अक्षरहरुको आकार लगायतका विषयहरु समावेश गरी बोर्डको Specificaation तयार गरेको छैन। • यस कार्यका लागि लागत अनुमान समेत तयार गरेको छैन। • श्रेस्ता अनुसार खरिद दाखिला भएको देखिएपनि जडान स्थान खुलेको छैन।गुणस्तरीय रुपमा कार्यसम्पन्न भयो कि भएन सो प्रतिवेदन समेत तयार गरेको छैन। नगरपालिकाले जनताको जीवनस्तर उकास्ने प्रतिफलमुखी क्षेत्रमा प्राथमिकताका आधारमा योजना छनौट गरी बजेटको व्यवस्था गर्नु पर्दछ।खरिद गर्नु अघि खरिदको विवरण लागत अनुमान आदि तयार गरी खरिद कार्यलाई खुल्ला एवं प्रतिस्पर्धी हुने गरी मात्र खरिद कार्य गर्नुका साथै गुणस्तर समेत परीक्षण गर्नु पर्दछ।	
७०	२६	२०७८-१०-७	**गत आ.व.को भुक्तानी :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को दफा ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भएमा सम्वन्धित कार्यालयले संलग्न विल भरपाई बमोजिम अगिल्लो वर्षको भुक्तानी स्विकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिन भित्रमा सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गरी राख्नुपर्ने व्यवस्था रहेको छ।स्थानीय तहका स्वास्थ्य चौकी, प्राथामिक स्वास्थ्य केन्द्र र अस्पतालमा कार्यरत कर्मचारीहरुको २०७८ कार्तिकदेखि पुस महिनासम्मको तलव भत्ता भुक्तानीमा गत आ.व.२०७७/०७८ मा १२ जना कर्मचारीहरुको तलब भत्ता अपुग भई भुक्तानी गर्न नसकिएकोले यस आ.ब.को तिन महिनाको तलव भत्ता भुक्तानी भएपश्चात मात्र सो रकम भुक्तानी भएको देखिन्छ।यसरी अघिल्लो आ.व.को भुक्तानी दिन बाँकी कच्चावारी प्रमाणित नगरी एवं नगरपालिकाको सभाबाट स्वीकृती नगरी भएको भुक्तानी नियमसम्मत नभएको रु.	४०५,८८८
७१			**गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम :-**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ बमोजिम नयाँ लघु उद्यमी सिर्जना गर्न नगरपालिकाको तपसिल बमोजिमको तालिम सञ्चालनमा ६,५७,१००।- खर्च गरेको छ।सो मध्ये वडा नं. ७ मा ६५ दिने कपडा सिलाई कटाई तालिमको प्रशिक्षण गरेवापत मनिषा कुमारी मण्डललाई दैनिक १५०० का दरले ६५ दिनको रु. ९७,५००।- नगदै भुक्तानी भएको देखिन्छ। यसरी २ महिनाभन्दा बढी अवधीको लागि प्रशिक्षक राख्दा समेत करार सम्भौता नगरेको र भुक्तानी बैङ्किङ्ग प्रणालीमार्फत नगरी भरपाई मार्पत गरेको देखिन्छ। अत: तालिम कार्यक्रम संचालन गर्दा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ ले तोके बमोजिमको प्रतिवेदन सामेल गर्नुपर्ने र प्रशिक्षकलाई करार सम्भौता गरी करारमा उल्लेख गरेको रकम भुक्तानी गर्नेतर्फ नगरपालिकाले आगामी दिनमा ध्यान दिनुपर्ने देखिन्छ।
<table>
<tr><th>समुहको नाम</th><th>विवरण</th><th>रकम रु.</th></tr>
<tr><td>कृष्ण लघु उद्यमी समुह वडा नं. ७</td><td>सिलाई कटाई ६५ दिने तालिम</td><td>३४२,५५०।-</td></tr>
<tr><td>दुर्गा लघु उद्यमी समुह वडा नं. २</td><td>बासको मुडा बनाउदे तालिम १५ दिने</td><td>१०७,३००।-</td></tr>
<tr><td>महारानी लघु उद्यमी समुह वडा नं. ९</td><td>अगरबत्ती बनाउने तालिम १५ दिने</td><td>१०७३००।-</td></tr>
<tr><td>महादेवा लघु उद्यमी समुह वडा नं. १</td><td>अगरबत्ती बनाउने तालिम १५ दिने</td><td>१०३,६२५</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>६५७१००</td></tr>
</table></td><td></td></tr>
<tr><td>७२</td><td>८१</td><td>२०७९-३-२३</td><td>नमुना विद्यालय खर्च :-
नमूना विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ बमोजिम शैक्षिक सुधारका कार्यहरु गर्न नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यक्रम अनुदान रकम वापत श्री जनता माध्यामिक विद्यालय गिद्दा वेलापट्टीलाई रु.३०,००,०००।- निकासा दिएको देखिन्छ।कार्यक्रम कार्यान्वयन पूस्तिका ०७८/०७९ को ९.१२ ले तोकेबमोजिम आ.ब.०७८/०७९ मा सम्पादन गर्ने कार्यक्रमहरु निर्धारण गरी स्थानीय तह र विद्यालय बिच सम्झौता गरी सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गर्नुपर्ने भन्ने उल्लेख भएकोमा नगरपालिका र विद्यालयबिच अनुदान रकम के कुन क्षेत्रमा खर्च गर्ने सम्वन्धमा कुनै सम्झौता भएको देखिएन। निकासाको प्रभावकारी प्रयोगका लागि समय समयमा अनुगमन भएको समेत देखिदैन।अत: खर्चको प्रभावकारिताको लागि कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोके बमोजिम समय समयमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु.</td><td>३,०००,०००</td></tr>
<tr><td>७३</td><td></td><td></td><td>शिक्षक तलब:-
यस पालिका अन्तर्गत रहेका ३० वटा विद्यालयका शिक्षक कर्मचारीलाई तलव भत्ता निकासा गर्दा शिक्षक किताबखानाबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा तलवी प्रतिवेदन पारित नगराइ विद्यालयहरुलाई शिक्षकहरुको तलब वापत निकासा दिएको पाइयो। यस आर्थिक वर्षमा पालिका अन्तर्गत विद्यालयमा कार्यरत शिक्षकको अवकास, सरुवा र मृत्यूको विवरण प्राप्त हुन सकेन। जसबाट वास्तविक हुने भन्दा बढी निकासा दिएको छैन भनी एकिन गर्न सकिएन। तलबी प्रतिवेदन पारित गराएर, अवकाश शिक्षक, सरुवा र मृत्यूको अभिलेख अद्यावधिक गरेरमात्र तलब निकासा दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>बिद्यालयगत निकासा खाता:
विद्यालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक बिद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहतकोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र बिद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी बिद्यालयगत निकासा खाता अद्याबधिक गरी राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अत: बिद्यालयलाई जाने सबै रकमहरु देखिने गरी (आवश्यकता अनुसार सफ्टवेयरमा समेत) प्रविष्टि गरी बिद्यालयगत रकम निकासाको एकीकृत अभिलेख तयार गर्नुपर्दछ।	
७५			**गत आ.ब.को भुक्तानी :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को दफा ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भएमा सम्वन्धित कार्यालयले संलग्न विल भरपाई बमोजिम अगिल्लो वर्षको भुक्तानी स्विकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिन भित्रमा सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गरी राख्नुपर्ने व्यवस्था रहेको छ।श्रावण महिनाको तलव भत्ता वापत विद्यालयलाई रकम निकासा गर्दा जनता माध्यामिक विद्यालय गिद्वा वेलापट्टीका माध्यामिक शिक्षक तृतीय श्रेणी पदमा कार्यरत युगल किशोर शाहलाई २०७८ बैशाख महिनादेखी असार महिना सम्मको छुट तलव भनी रु. १३१,९७० भुक्तानी भएको देखिन्छ ।अत: अघिल्लो आ.ब.को भुक्तानी दिन बाँकी कच्चावारी प्रमाणित नभएको एवं नगरपालिकाको सभाबाट स्वीकृती नभई भुक्तान भएको नियमित गर्नुपर्ने देखिएको रु.	१३१,९७०
७६			**शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS):-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु.४००.का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु.१५०.० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु.२००। का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु.५००। का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.२००.० का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५.० का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ। कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन। जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन।	
७७			**शिक्षकको अभिलेख:-** शिक्षा नियमावली, २०५९ को परीच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ। जसअन्तर्गत बुँदा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती बा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्याबधिक गरी राख्नुपर्ने व्यबस्था रहेको छ। पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी बिबरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन। विद्यालयस्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरी सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले चौमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ। कार्यालयले नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पेश नभएकोले पालिकाबाट विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन।	
७८			**सेनेटरी प्याड:-** सामुदायिक विद्यालयमा अध्ययनरत किशोर अवस्थाका छात्रालाई महिनावरी सामाग्री उपलव्ध गराई उनीहरुको स्वास्थ्यमा सुधार गर्न नगरपालिकाले मिति २०७९/०२/२९ को शिलबन्दी दरभाउपत्रबाट आदित्य इन्टरनेशनल जनकपुरसँग २१२७५ पिस सेनेटरी प्याड प्रति पिस ७० को दरले रु. १२७६,५००।-3 (भ्याट वाहेक) मा खरिद गरेको देखिन्छ।सम्भौतामा उल्लिखित स्पेसिफिकेशन बमोजिम सेनेटरी प्याड प्राप्त भए नभएको प्राविधिक मुल्याङकन गरेको देखिदैन।विद्यालयलाई माग फारम बमोजिम निकासा गरेको देखिएपनि त्यसको पप्रभावकारिता तथा छात्राहरुको विद्यालय नियमिततामा कस्तो प्रभाव गर्यो भनी नगरपालिकाले कुनै लेखाजोखा गरेको देखिएन।खरिद र वितरणमात्र भएको देखिएको र सम्पूर्ण सेनटरी प्याड वितरण नभै हाल पनि ३९५ थान भण्डारमा नै रहेको देखिदा वितरण गरी यसको प्रभावकारिता सम्वन्धी प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु	२७,६५०

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
७९	९४	२०७९-३-२४	**प्रमाण पेश नभएको :-** शिक्षा मन्त्रालयको शिक्षासम्बन्धी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/०७९ को क्रियाकलाप नं. २.७.१३.३ बमोजिम विद्यालय सिकाई सामाग्री तथा ल्याव व्यवस्थापन प्रति विद्यार्थी लागत अनुदान(९-१२) को कार्यक्रम तर्फबाट शिक्षण सिकाई सामाग्री ल्याव असिस्टन्ट इक्युपमेन्ट्स र प्राक्टीकल मेटोरियल व्यवस्थापन अनुदान निकासा वापत रु.२२,५६,९७०।– निकासा भएको देखिन्छ। जनता मा.वि. गिद्दा वेलापट्टीले कक्षा ९,१० र १२ मा ४८ जना र कक्षा ११ मा ३९ जना गरी कुल १८३ जना विद्यार्थिको प्रति विद्यार्थी रु.१५००० का दरले निकासा भएको देखिन्छ ।जसमा व्यावहारिक अभ्यासका लागि सहभागी हुने विद्यार्थीका लागि प्रति महिना रु.१,००० सम्वन्धित विद्यार्थीको खातामा जम्मा गर्नुपर्ने र बार्षिक एक पटक रोष्टर प्रशिक्षकबाट बाह्य अनुगमन तथा मुल्याङ्कन गर्नुपर्ने भन्ने व्यवस्था रहेको देखिन्छा।भौचर संलग्न कागजात बमोजिम विद्यालयले विद्यार्थीको संख्या खुल्ने प्रमाण पेश नगरेको र कार्यक्रम कार्यान्वयन पूस्तिकाको २.७.१३.३ को क्रियाकलापको २.६ ले तोके बमोजिम खर्च भएको समेत पुष्टि हुने कागज संलग्न गरेको देखिएन।त्यसैले विद्यार्थीको संख्या हाजिर अनुसार भिडान हुने अभिलेख तथा बाह्य मुल्याङ्कन प्रतिवेदन र विद्यार्थीको खातामा रकम जम्मा भएको प्रमाण कागज पेश गर्नुपर्ने देखिएको रु	२,२५६,९७०
८०			**नमुना विद्यालयको भौतिक निर्माण :-** संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत केन्द्रबाट छनौट भएका नमुना विद्यालय विशेष विद्यालयको क्रमागत भवन तथा कक्षा ११ स्तरोन्नती भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन शीर्षकबाट पालिकाले नमुना विद्यालयको भौतिक निर्माण कार्यका लागि श्री जनता माध्यमिक विद्यालय गिद्दा बेलापट्टीलाई पहिलो किस्ता र दोश्रो किस्ता बापत भुक्तानी दिएको देहाय बमोजिमको रकमको नापी किताव, कार्यसम्पन्न प्रतिवेदन, विद्यालय व्यवस्थापन समितिको सिफारिस आदि प्रमाण पेश गर्नुपर्ने रु..	७,०००,०००
८१	३४	२०७८-११-२५	**कार्यविधि भन्दा बाहिर रहेर खर्च :-** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/०७९ को क्रियाकलाप नं.२.७.१३.१३ को विद्यालय शैक्षिक गुणस्तर सुद्दिढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट माध्यामिक विद्यालय प्रयोगशाला अनुदानबाट रु.६ लाख ५० हजार र शिक्षण सिकाई आई.सि.टी. प्रयोगका लागि रु.६ लाख ५० हजार गरी कुल १३ लाख श्री शंकर जनता माध्यामिक विद्यालय दुहवी, गोवाराहीलाई भुक्तानी भएकोमा देखिएको व्यहोरा देहाय बमोजिम छन् • कार्यक्रम कार्यान्वयन पूस्तिका,२०७८/०७९ को क्रियाकलाप नं. २.७.१३.१३ को ९.७ मा शिक्षण सकाईमा ICT को प्रयोग र विद्यालय प्रयोगशाला अनुदान वापत निकासा दिदा एक पटक यस्तो अनुदान पाईसकेको विद्यालयलाई नदिने तर उच्च विद्यार्थी संख्या भएको अनुमतीले पुरानो क्रममा आधारभुत तह कक्षा १-८ संचालित विद्यालयलाई अनुदान उपलब्ध गराउन सकिने छ भन्ने व्यवस्था रहेको देखिन्दछा।श्री शंकर जनता मा.वि.को मिति २०७८/११/२३ को पत्रबाट आ.ब.२०७६/०७७ मा समेत ICT ल्याव र विज्ञान प्रयोगशाला वापत रकम पाईसकेको र सो रकम लेखापरीक्षणको अवधीसम्म पनि फरफारक नगरेको व्यहोरा पत्रमा उल्लेख भएको छ ।सो सम्वन्धमा अघिल्लो आ.व.को रकमबाट भएको कार्यको अनुगमन गरी कार्यप्रगति समेत प्राप्त नगरी पुन: सोही विद्यालयलाई अनुदान रकम निकासा दिने कार्य कार्यक्रम कार्यान्वयन पुस्तिकाको शर्त तथा परिधीभन्दा विपरीत भई अनियमित देखिएको रु.	१,३००,०००
८२			**पारिश्रमिक कर-** आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक कर योग्य आयमा पहिलो १ लाखमा १० प्रतिशत त्यस पछिको २ लाखमा २० प्रतिशत र ७ लाख ५० हजार देखि २० लाखसम्म ३० प्रतिशतका दरले पारिश्रमिक कर लाग्ने व्यवस्था छ। पालिकाका विभिन्न ११ कर्मचारीहरुको बार्षिक तलब भत्ता, प्रोत्साहन भत्ता तथा अन्य सुविधा बापतको रकममा पारिश्रमिक कर कट्टा गरी दाखिला हुनुपर्नेमा घटी कर कट्टी गरेको देखिएकोले नपुग कर असुल गरी दाखिला हुनपर्ने रु	४६,८७३
८३			**सामाजिक सुरक्षा**	
८३.१			भत्ता वितरणः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा आर्थिक बर्षको अन्त्यमा रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। यो वर्ष सामाजिक सुरक्षा भत्ता वडा नं.१ देखि ९ सम्मको लागि एन आई सी एसिया वैंकमार्फत भत्ता वितरण गर्न रु.११,५०,७७,४५८ निकासा भएको छ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८३.२			समाजिक सुरक्षा कार्यक्रम सञ्चालनः समाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को अनुसूची ८ मा स्थानीय तह र बैंकबिच हुने सम्झौताको दफा ६ मा नगरपालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरणसहित बाँकी रकम भए नगरपालिकालाई उपलब्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगतकट्टा भएमा लगतकट्टा भएको मिति र पाउने रकम समेतको जानकारी नगरपालिकाले तत्काल बैंकलाई उपलब्ध गराउनुपर्ने र सोको जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछि रकम नगरपालिकामा फिर्ता पठाउने तथा बैंकले निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र नगरपालिकालाई दिनुपर्ने व्यवस्था छ।लगत अद्यावधिक गरी रकम निष्क्रिय नहुने व्यवस्था गर्नुपर्दछ।	
८३.३			लाभग्राहीको खातामा रकमः समाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा २५ मा बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण अनुसूची १३ बमोजिम त्रैमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विधुतीय माध्यमबाट अनिवार्य रुपमा पठाउनु पर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने व्यवस्था छ।नगरपालिकाले समाजिक सुरक्षा शीर्षकबाट जम्मा ५२५५ लाभग्राहीको खातामा रकम भुक्तानी गर्न बैंकलाई प्रत्येक वडाको विवरण सहित रु.११,५०,७७,४५८ निकासा दिएकोमा बैंकले दिएको जानकारीको आधवरमा पुर्ण रकम वितरण गरेको छ। बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको विस्तृत विवरण नगरपालिकामा पठाएको छैन।नगरपालिकाले बैंकबाट लाभग्राहीको खातामा रकम जम्मा गरेको विस्तृत विवरण माग गरी फिर्ता रकम यकीन गर्नुपर्दछ।	
८३.४			लगत कट्टाः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्नेमा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिकाको उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगातार १ बर्ष सम्म खाता निष्क्रीय भएमा, सामाजिक सुरक्षा भत्ता पाउने ब्यक्ति बसाई सरी अन्यत्र गएमा र अयोग्य ब्यक्ति भत्ता प्राप्त गरेको प्रमाणित भएमा स्थानीय तहको वडा कार्यालयमा ३५ दिन भित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राहीले घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जनकारी पाएमा सत्य तथ्य बुझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले आर्थिक वर्ष २०७८।७९ मा लाभग्राहीको लगत कट्टा गरेको विवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले वास्तविक संख्या यकिन गर्न सकिएन ।	
८३.५			पारदर्शिताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ.एम लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम, नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यसवर्ष नगरपालिकाले सो बमोजिम कार्य गरेको देखिएन ।	
८४			**घटी दाखिला**	
८४.१			आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुन बमोजिम प्राप्त हुने राजश्व सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा केही वडाहरुको असुली तथा दाखिला परीक्षण गर्दा वडा नम्बर २ को नगदी र मालपोतबाट यो वर्ष रु .२,९०,७५८ आम्दानी भएकोमा आर्थिक वर्षको अन्त्यमा रु.२,८८,६५३ मात्र दाखिला गरेको नपुग रकम रु.२,१०५ वडा सचिव सत्यनारायण रायबाट असुल गरी दाखिला गर्नुपर्ने रु	२,१०५
८४.२			लेखापरीक्षणको क्रममा वडा नं ३ को नगदी र मालपोतवाट राजश्व संकलन नभएको तथा सफ्टेयरमा आम्दानी नदेखाको र वडा सचिव सर्वजित पासवान लेखापरीक्षणको क्रममा उपस्थित नभएकोले यकिन गर्न सकिएन सोसम्बन्धमा नगरपालिकाले निजलाई जिम्मेवार बनाई विस्तृत अध्ययन गरी यकिन गर्नुपर्ने देखिन्छ ।	
८५			**राजस्व ढिलो दाखिला** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानून बमोजिम प्राप्त हुने राजश्व सोही दिन र सोदिन सम्भव नभए सोको भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने र उपदफा ४ बमोजिम ३ दिन भन्दा बढी ढिलो गरेमा १० प्रतिशत जरिवाना गरी असुल गर्ने व्यवस्था छ। नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुले उठाउने राजश्व समयमा दाखिला नगरी ६ महिना वा वर्ष को अन्त्यमा मात्र दाखिला गर्ने गरेको पाइयो। प्रचलित ऐनले तोकेको अनुसार समयमानै राजश्व दाखिला नगरेकोले देहायका वडा सचिववाट १० प्रतिशत जरिवाना असुल गर्नुपर्ने रु.	१३३,०२३

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वडा नं</td><td>वडा सचिवको नाम</td><td>राजश्व सङ्कलन रकम रु.</td><td>जरिवाना रकम रु.</td></tr>
<tr><td>१</td><td>भुला यादव</td><td>१९९८७८</td><td>१९९८७</td></tr>
<tr><td>२,४</td><td>सत्यनारायण राय</td><td>२९०७५८</td><td>२९०७५</td></tr>
<tr><td>५</td><td>गंगा दास</td><td>१०३६२२</td><td>१०३६२</td></tr>
<tr><td>६</td><td>रविन्द्र साह</td><td>२८३००५</td><td>२८३००</td></tr>
<tr><td>७</td><td>रामकिशोर यादव</td><td>२००८५१</td><td>२००८५</td></tr>
<tr><td>८</td><td>रामकृपाल शाह</td><td>१०१८२९</td><td>१०१८२</td></tr>
<tr><td>९</td><td>हिरा बहादुर यादव</td><td>१५०३२४</td><td>१५०३२</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१३३०२३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>
सिफारिस संख्या र नगदी रसिद संख्या बिच फरक
पालिकाको आर्थिक ऐन, २०७८ अनुसार सिफारिस प्रकृतिअनुसार विभिन्न दरमा सिफारिस दस्तुर लिने व्यवस्था छ। लेखापरीक्षणको क्रममा वडाहरुले राखेको चलानी किताबमा सिफारिसको संख्या र नगदी रसिद काटेको संख्यामा ठूलो परिमाणमा फरक देखिएकोले नगरपालिकाले थप विश्लेषण गरी यकिन गर्नुपर्दछ।
<table>
<tr><td>वडा नं</td><td>चलानी किताबमा सिफारिसको संख्या</td><td>नगदी रसिदको संख्या</td><td>फरक संख्या</td></tr>
<tr><td>१</td><td>९०२</td><td>२९३</td><td>६०९</td></tr>
<tr><td>२,४</td><td>४६९</td><td>७५०</td><td>२८१</td></tr>
<tr><td>३</td><td>५८०</td><td>०</td><td>५८०</td></tr>
<tr><td>५</td><td>६६१</td><td>२२५</td><td>४३६</td></tr>
<tr><td>६</td><td>१३१९</td><td>९५७</td><td>३६२</td></tr>
<tr><td>७</td><td>१२९४</td><td>४७३</td><td>८२१</td></tr>
<tr><td>८</td><td>३१३</td><td>२७६</td><td>३७</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९</td><td>८९९</td><td>३००</td><td>५९९</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>३७२५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८७</td><td></td><td></td><td>
मूल्य अभिवृद्धि करमा दर्ता नभएकोसँग खरिद
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले खरिद कार्य गर्दा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त फर्म, कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उल्लेखित नियमको पालना नगरी निम्नानुसार मुल्य अभिवृद्धि करमा दर्ता नभएकासँग करोबार गरी खर्च गरेको अनियमित देखिएको रु.
<table>
<tr><td>गो.भौ.नं. मिति</td><td>फर्मको नाम</td><td>कामको विवरण</td><td>भुक्तानी रु</td></tr>
<tr><td>२२१-०७९।३।२१</td><td>होटल फुलवारी</td><td>विभिन्न मितिमा विभिन्न बिलबाट खाना, खाजा</td><td>२६५०००</td></tr>
<tr><td>२३०-०७९।३।२३</td><td>होटल फुलवारी</td><td>विभिन्न मितिमा विभिन्न बिलबाट खाना, खाजा</td><td>३५८९५९</td></tr>
<tr><td>२६३-०७९।३।२५</td><td>होटल फुलवारी</td><td>विभिन्न मितिमा विभिन्न बिलबाट खाना, खाजा</td><td>१२१९००</td></tr>
<tr><td>२२६-०७९।३।२४</td><td>राम सेवक कोल्ड स्टोर</td><td>विभिन्न मितिमा विभिन्न बिलबाट खाना,खाजा</td><td>२२२३१५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>९६८१७४</td></tr>
</table>
</td><td>९६८,१७४</td></tr>
<tr><td>८८</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षण
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फस्यौंट गर्ने व्यवस्था रहेको छ। सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फस्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ।यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागि कुनै प्रमाणकागजात पेश हुन आएन।
</td><td></td></tr>
</table>